पत्रकारहरू खोज पत्रकारितामा सक्रिय भएर लाग्नुपर्नेमा जोड | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ | •अंक ९४ | • २०८२ साल भाद्र ६ गते शुक्रबार (22 August, Friday, 2025) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

## प्रदेशसभा अधिवेशन भदौं १२ गतेदेखि

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशको प्रदेशसभाको छैटौं अधिवेशन यही भदौं १२ गते शुरु हुने भएको छ ।

असार मसान्तको क्रममा योजना खरिद विक्री हुने गरेको भन्दै सत्तापक्षका केही सांसद र प्रतिपक्षीले समेत आवाज उठाएपछि मधेश प्रदेश सरकारले हतारहतारमा पाँचौ अधिवेशन अन्त्यको घोषणा गरेको थियो ।

मधेश प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखको कार्यालयले प्रदेशसभाको छैटौं अधिवेशन आह्वान गरेको जनाएको छ ।

प्रदेश प्रमुखको कार्यालयले जारी गरेको विज्ञप्ति अनुसार, २०८२ भदौं १२ गते बिहीबार दिउँसो १ बजेदेखि प्रदेश सभाको छैटौं अधिवेशन सुरु हुनेछ ।

मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले २०८२ भदौं ४ गते प्रदेशसभाको अधिवेशन बोलाउन सिफारिस गर्ने निर्णय गरेको थियो । नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सो अधिवेशन आह्वान गरिएको प्रदेश प्रमुखको कार्यालयका निमित्त सचिव शत्रुधन यादवले जनाएका छन् ।

### सुनकोशी-मरिन डाइभर्सन निर्माण सुस्त

# पटेल-रमण जेभी नसुध्रिए कालोसूचीमा पर्ने सम्भावना

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका पाँच जिल्लामा वर्षेर्नि सिचाइँ सुविधाको व्यवस्था र ३१.०७ मेगावाट जलविद्युत् उत्पादन पनि गर्ने उद्देश्यका साथ थालिएको राष्ट्रिय गौरवको सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना सुस्तगतिमा काम हुँदा अनिश्चितताको भुमरीमा परेको छ ।

करिब ४९ अर्ब ४२ करोड रुपैयाँ लागतमा आर्थिक वर्ष २०७७/०७८ मा थालिएको बहुउद्देश्यीय आयोजना आर्थिक वर्ष २०८५/८६ सम्ममा सम्पन्न गर्ने गरी अघि बढाइएको थियो । यसअनुसार चार चरणमा निर्माणकार्य विभाजन गरिएको थियो ।



योजनाअनुसार पहिलो चरणमा सुरुङ निर्माण रहेकोमा २०८१ वैशाख २६ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको उपस्थितिमा टीबीएम अर्थात् टनेल बोरिङ मेसिनबाट १३.३ किलोमिटर सुरुङको निर्माण कार्य मात्रै सम्पन्न भएको छ ।

त्यस्तै दोस्रो चरणमा सुनकोशी नदीमा ब्यारेज (बाँध) निर्माणका साथै हेडरेगुलेटर, डिसेन्डर तथा १३.३ किलोमिटर सुरुङबाट सुनकोशी नदीको पानी मरिन खोलामा खसाल्ने योजना छ । यसको ठेक्का सम्झौता गरेर निर्माण कार्य अघि पनि बढाइएको छ ।

सो कार्यका लागि ४ वर्ष ६ महिनामा निर्माण सम्पन्न गर्ने गरी पटेल-रमण जेभीले १४ अर्ब ७ करोड ५९ लाख रुपैयाँमा २०७९ पुस १७ गते ठेक्का लिएको थियो । तर करिब तीन वर्ष बित्दा काम सुस्तगतीमा भइरहेको छ । दोस्रो चरणको भौतिक प्रगति १०.२ प्रतिशत मात्रै रहेको आयोजनाले जनाएको छ ।

गत वर्ष २०८१ असोजको बाढीपछि निर्माण व्यवसायीले काममा गति दिन नसकेको सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाका सूचना अधिकारी अमर बहादुर चन्द ठकुरीले जानकारी दिए ।

सुरुवाती चरणमा आयोजनामा सन्तोषजनक प्रगति हासिल भए पनि केही समयदेखि ढिलाइ भएको छ । खासगरी निर्माण व्यवसायीले आयोजनाबापतको रकम अन्यन्त्र परिचालन गरी दुरुपयोग गरेको आयोजनाको आशंका छ ।

दोस्रो चरणको काममा ढिलाइ हुँदा आयोजनाका बाँकी कार्य अघि बढाउन समस्या भइरहेको उनले बताए ।

हालको प्रगतिलाई आधार मान्दा आयोजना सम्पन्न हुन २५ वर्षभन्दा बढी समय लाग्ने देखिएको छ । ठेक्का तोडेपछि निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सिफारिस गर्नुपर्ने हुन्छ । सो आयोजना संयुक्त पहल (जेभी) मा सञ्चालित छ । ठेक्का बीचैमा तोडिए रमण-पटेल दुवै कालोसूचीमा पनि पर्न सक्ने छ । यस विषयमा पटेललाई आयोजनाले जानकारी दिएको उनले बताए ।

साझेदार कम्पनीले पनि आयोजनामा सम्पन्न गर्न चासो नदिएको र आर्थिक कारोबारको सम्बन्धमा पारदर्शितामा आशंका व्यक्त गर्दा आयोजनाले ठेक्का सम्झौता तोड्ने प्रक्रिया अघि बढाएको थियो ।

निर्माण व्यवसायीले लक्ष्यअनुसारको प्रगति हासिल गर्न नसक्दा आयोजनाले ठेक्का सम्झौता तोड्न २०८१ चैतमा जलस्रोत तथा सिँचाइ विभागलाई सिफारिस गरेको थियो । विभाग भने ठेक्का तोडेर तत्काल नयाँ प्रक्रिया अघि बढाउन विषयमा सहमत हुनसकेको छैन । नयाँ ठेक्का प्रक्रियामा जाँदा समय धेरै लाग्छ । हालकै कम्पनीले तदारुकतासाथ काम गरेमा सहज हुने विभागको भनाइ छ ।

त्यस्तै निर्माण व्यवसायीले फागुनसम्म ३५ प्रतिशत भौतिक प्रगति हासिल गर्ने भनेर विभागलाई कार्ययोजना प्रस्तुत गरेको छ ।

निर्माण व्यवसायीले आयोजनामा देखाएको ढिलासुस्तीकै कारण ठेक्का तोडेर अघि बढ्ने स्थितिमा आयोजना पुगेको छ । तर विभागले सम्झौता तोड्नेभन्दा पनि केही समय निर्माण व्यवसायीलाई म्याद उपलब्ध गराएको छ ।

सो आयोजनाको भौतिक प्रगति १० प्रतिशत हाराहामीमा हुँदा वित्तीय प्रगति भने १४ प्रतिशत छ । निर्माण व्यवसायीले पटक पटक किस्तामा १ अर्ब ९७ करोड ६ लाख रुपैयाँ भुक्तानी लिएको छ ।

त्यसबाहेक पनि ठेकेदार कम्पनीले ०८१ असोजको बाढीपछि पनि ऊर्जा जलस्रोत तथा सिचाइँमन्त्रालयको सिफारिसमा थप रकम लगेको आयोजना स्रोतले जनाएको छ ।

परामर्शदाताको सिफारिसमा मोबिलाइजेसन पेश्की आयोजनामा उचित प्रयोग हुने सुनिश्चितता नदेखेर आयोजनाले बैंक जमानत जफत प्रक्रिया अघि बढाएको थियो ।

यसका लागि आयोजनाले २०८१ चैत १२ र २०८२ वैशाख २७ गते गरी ६० करोड ७ लाख रुपैयाँ जमानतबापतको रकम आयोजनाको बैंक खातामा जम्मा गर्न पत्राचार गरेको थियो ।

निर्माण व्यवसायीले उच्च अदालत पाटन र काठमाण्डु जिल्ला अदालतमा आयोजनाको बैंक जमानत जफत गर्ने निर्णयविरुद्ध रिटमा दुबै अदालतले अल्पकालीन अन्तरिम आदेश जारी गर्नु नपर्ने भनी आयोजनाको पक्षमा निर्णय दिएको थियो ।

सो आयोजनाअन्तर्गत सिन्धुली जिल्लाको खुर्कोटदेखि करिब २ किलोमिटर माथि ( सुनकोशी र तामाकोशीको दोभानभन्दा करिब १ किलोमिटर तल) सुनकोशी नदीमा हेडवर्क्स निर्माण हुनेछ भने विद्युत् गृह सर्जसाफ्ट, स्विचयार्ड कमलामाई नगरपालिका वडा नम्बर २ कुसुमटार सिन्धुलीमा पर्छ ।







# मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन हस्तान्तरणको तयारी



बागमती । मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन नेपाल आयल निगमलाई हस्तान्तरणको तयारी अन्तिम चरणमा पुगेको छ । पाइप लाइन विस्तारको सम्पूर्ण काम सकिएर अहिले सोही पाइप लाइनबाट मोतिहारीदेखि अमलेखगञ्जसम्म पेट्रोलियम पदार्थको आयात भइरहेको छ ।

"पाइप लाइनबाट नियमित रुपमा पेट्रोलियम पदार्थ आयात भइरहेको छ", नेपाल आयाल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रलयंकर आचार्यले भन्नुभयो, "पाइन लाइनबाट ल्याइएको पेट्रोलियम पदार्थको परीक्षण काम पनि भइरहेको छ, त्यसका लागि भारतीय आयल निगमको प्राविधिक टोली फिल्डमै खटिरहेका छन् ।"

पाइप लाइनमा कुनै समस्या देखिएको खण्डमा तत्कालै मर्मत सम्भार भइरहेको छ, परीक्षणको कामसमेत सकिएकाले छिट्टै पाइप लाइन हस्तान्तरण गर्ने तयारी भइरहेको उहाँको भनाइ छ । दुवै देशका प्रधानमन्त्रीले संयुक्त रुपमा पाइप लाइनको उद्घाटन गर्ने वा कसरी हस्तान्तरण गर्ने विषयमा दुवै पक्षबीच छलफल भइरहेको प्रमुख आचार्यले बताउनुभयो । यस्तै बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तारको काम छिट्टै अघि बढाइने भएको छ ।

अमलेखगञ्जबाट लोथरसम्म ६९ किलोमिटरमा निर्माण हुने सो पेट्रोलियम पाइप लाइनको काम अगाडि बढाउने विषयमा उच्चस्तरीय प्राविधिक टोलीबाट डिपिआर निर्माणको काम अन्तिम चरणमा पुगेकाले अबको केही दिनभित्रै पाइप लाइन निर्माणको कामले तिव्रता लिने नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख आचार्यले बताउनुभयो ।

"डिपिआर निर्माणको काम अन्तिम चरणमा पुगेर पाइप लाइनको काम अघि बढाउन चितवनमा कार्यालयसमेत स्थापना भइसकेको छ", प्रमुख आचार्यले भन्नुभयो, "अबको केही दिनभित्रै माटो सम्याउने कार्य पनि सुरु हुन्छ ।" सुरु भएको तीन वर्षभित्र काम सकिने लक्ष्य रहेको उहाँको भनाइ छ ।

भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्म पाइप लाइनको काम सकिएर पाइप लाइनबाटै पेट्रोलियम पदार्थको आयात सुरु भएपछि अमलेखगञ्जबाट लोथरसम्म पाइप लाइनको काम सुरु गर्न लागिएको हो ।

चितवनको लोथरमा कुल २३ बिघा १२ कठ्ठा जग्गामा ग्रिनफिल्डसहितको एक लाख लिटर पेट्रोलियम पदार्थ भण्डारण गर्नसक्ने टनेल निर्माण गरिने प्रमुख आचार्यले बताउनुभयो । नेपाल-भारतबीच 'जिटुजी' सम्झौता मार्फत निर्माण हुन लागेको अमलेखगञ्ज-लोथर पाइप लाइन विस्तारको काम भारतीय आयल निगमले गर्नेछ ।

यसैबीच अमलेखगञ्जस्थित आयल निगमको पेट्रोलियम पदार्थ लोडिङ गर्ने बईमा समस्या देखिएपछि भारतीय प्राविधिक टोलीले मर्मत गर्ने भएको छ ।रासस

# लिपुलेक हुँदै चीन र भारतले गरेको सम्झौताबारे जानकारी गराउन माग

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेले चीन र भारतले नेपालको भूमि लिपुलेक मार्ग हुँदै दुई देशबीच व्यापार गर्ने भनी भएको सम्झौताबारे सदनलाई जानकारी गराउनुपर्ने माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको विहिबारको बैठकको आकस्मिक समयमा उहाँले भन्नुभयो, "आज नेपाल आमालाई दुखिरहेको छ, हाम्रा दुई छिमेकी मित्र राष्ट्र चीन र भारतले हाम्रो देश नेपाललाई जानकार ीसमेत नदिइ लिपुलेक पासबाट दुई पक्षीय व्यापार खोल्ने सहमति गर्ने भन्ने खबरले हाम्रो दलको गम्भीर ध्यानाकर्षण भएको छ ।" उहाँले नेपालको संविधानमा उल्लेख गरेको भूमि लिपुलेक, कालापानी र लिम्पियाधुरालाई समावेश गरिएपनि नेपाललाई कुनै जानकारीसमेत नदिइ गरिएको भनिएको सहमतिको विरोध गर्नुभयो ।

उहाँले भन्नुभयो, "विगतमा पनि हाम्रो पार्टीले यो विषयमा नेपालको राष्ट्रिय सार्वभौमिकता तथा अखण्डताको विरुद्ध छ भनेर भनेकै थियो, कुनैपनि सरकारको मुख्य कामभित्र पर्ने राष्ट्रिय सार्वभौमिता र अखण्डताको रक्षाको निम्ति उभिनु हो, लिपुलेक पासबाट दुई पक्षीय व्यापार खोल्ने सहमतिको बारेमा आवश्यक कुटनीतिक र राजनीतिक पहल अगाडि बढाउन सरकारसँग अनुरोध गर्दछु ।"

नेकपा (माओवादी केन्द्र) सांसद पूर्णबहादुर घर्तीले प्रदेश राजधानीबाट सहिद मार्ग हुँदै रोल्पाबाट रुकुमपूर्वको सदरमुकाम जोड्ने रोल्पा र रुकुमको सीमानामा चिङ्वाङ खण्डमा निरन्तर पहिरो जाँदा आवागमन प्रभावित भएको बताउँदै आवागमन सहज बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेकपा (एमाले)का सांसद ठाकुरप्रसाद गैरेले भन्नुभयो, "कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपाली भू-भाग हो, त्यसको भोग गर्ने अधिकार नेपाललाई छ, अहिले चीन र भारतले त्यही लिपुलेक मार्ग भएर दुई देशबीचमा व्यापार गर्ने भनी समाचार आएको छ, नेपालको सहमतिबिना नेपालको भू-भाग प्रयोग गरी दुई देशले व्यापार गर्ने कुरा गलत छ, यो कुराबाट दुई छिमेकी सच्चिनुपर्छ, त्यो निर्णयबाट उहाँहरु फिर्ता हुनुपर्छ ।"

उहाँले भारतले लिपुलेक, लिम्पियाधरा र कालापानीप्रति एतिहासिक प्रमाणले नेपालको दाबी पुग्दैन भनी दिएको अभिव्यक्तिप्रति आपत्तिसमेत जनाउनुभयो ।रासस

## राष्ट्रिय वाणिज्य बैंक र नेपाल टेलिकमबीच सम्झौता

काठमाण्डु । राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल दरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)बीच निवृत्तिभरण खाता, तलबी बचत खाता तथा पेसाकर्मी सरल कर्जा सञ्चालनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । नेपाल टेलिकमको प्रधान कार्यालयमा विहिबार आयोजित एक कार्यक्रमकाबीच उक्त सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक सविना मास्के प्रधान र राष्ट्रिय वाणिज्य बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले हस्ताक्षर गर्नुभयो । "वाणिज्य बैंकले नेपाल टेलिकमका सेवानिवृत्त कर्मचारीका लागि पेन्सन खाता सञ्चालन गर्नुका साथै कार्यरत कर्मचारीका लागि तलबी बचत खाता, पेसाकर्मी सरल कर्जा र अन्य सेवासुविधा उपलब्ध गराउनेछ", सम्झौतापत्रमा उल्लेख छ ।

विसं २०२२ माघ १० गते स्थापना भएको वाणिज्य बैंकले हाल ७७ वटै जिल्लामा रहेका तीन सय १० वटा शाखा कार्यालयमार्फत सेवा प्रवाह गर्दै आइरहेको छ । बैंकले आफ्नो सेवालाई समयसापेक्ष बनाउँदै प्रविधिमा आधारित वित्तीय समावेशीकरण र दिगो बैंकिङ सेवा विकासमा केन्द्रित गरिरहेको बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीले जानकारी दिनुभयो ।रासस

# अटिजमलाई हेर्ने नजर कहिले होला परिवर्तन ?



विराटनगर । केही वर्षअघिको कुरा हो, मीरा चुडालको फोनमा घण्टी बज्यो । त्यो फोनको घण्टी आफन्तको छोराको जन्म दिनको भोजको निम्ताको लागि थियो । निम्ता सबै परिवारलाई नै थियो । मीराले समय मिलाएर आउने प्रतिबद्धता पनि ब्यक्त गर्नुभयो । जब कुराकानी टुङ्ग्याएर फोन राख्नुभयो, तब उहाँको मनमा कुराकानीकै क्रममा भएको एक बाक्यले चस्स घोच्यो । 'पालो गरेर आउनु नि !' आफन्तको कुरा गराई अनुसार पालो गर्नुपर्ने कारण थियो १२ वर्षीय छोरो सेजल ।

उनको १२ वर्षीय छोरा अटिजमको समस्यामा थिए । अटिजमकै कारण अन्य बच्चाभन्दा केही भिन्न व्यवहार र चकचके स्वभाव थियो । त्यस्तो स्वभाव भएकै कारण आफन्तले छोरोलाई घरमा राखेर पालो परेर आउनु भन्ने मनसाय राख्नु मीराको लागि त्यति सामान्य लागेन । उहाँलाई धेरैपटक सोच्न बाध्य गरायो ।

एउटा सामान्य जन्म दिनको भोजमा जान श्रीमान् श्रीमतीले किन पालो गरेर जानुपर्ने थियो र ? आखिर अभिभावक परिवार सबै सहभागी हुनेवाला नै थिए । उहाँको मनमा अनेकौं विचारका ज्वाराभाट चल्न थाले । "तपाई जानुस, आशिर्वाद दिएर आउनुस, म बाबु हेरेर बस्छु" मीराले श्रीमानलाई जन्म दिनको भोजमा जान अनुरोध गर्दै आफू नजाने निर्णय सुनाउनुभयो । केही समयअघि फोनमा हासीखुसी कुरा गरेकी श्रीमती एकाएक नजाने भनेपछि श्रीमानले कारण जान्न चाहनुभयो । उहाँले बेलिबिस्तार लगाउनुभयो पनि । उही बाक्य, 'पालो गरेर आउनु नि ।'

यति कुरा मीराको कानमा मात्र गुञ्जिरहेन, उहाँको मातृबात्सल्यता नराम्रोसँग खल्बलाइदियो । त्यसैले श्रीमानले सम्झाउँदा पनि उहाँ पार्टीमा सहभागी नहुने निर्णयमै अडिग रहनुभयो । "कसैले मेरा सन्तानलाई समस्या देख्छ भने त्यो समस्या हाम्रो होइन, उनीहरुको समस्या हो, त्यसैले मलाई त्यो पार्टीमा जान मन लागेन म गइन" मीराले भन्नुभयो, "बाबुलाई अटिजम छ भनेर हामीले स्वीकारिसकेका छौँ र हामीलाई आफ्नो छोरालाई अरूसँग दाँजेर हेर्नु आवश्यक लाग्दैन, उसलाई जे-जति सकिन्छ, सिकाउँदै जान्छौँ र अटिजम सम्बन्धमा बुझ्दै, बुझाउँदै पनि जानेछौँ ।" आफन्त छिमेकी भनेकै दुःखसुखमा काम लाग्नुपर्छ भन्ने उहाँको मान्यता हो । परिवार, छिमेकी, आफन्त, समाज आखिर केका लागि ? हुन त मीराका लागि घटना नौलो घटना भने थिएन । छोरो तीन वर्ष हुँदा उनलाई अटिजमको समस्या पत्ता लागिसकेको थियो ।

पेशाले स्टाफ नर्स, विराट नर्सिङ होममा स्टाफ नर्सको जिम्मेवारी सम्हाल्दै आउनुभएकी उहाँले छोराको हेरचाहको लागि जागिर त्याग गरेर बस्नुपर्‍यो । "त्यो मेरो लागि त्याग थिएन आवश्यकता थियो", उहाँ भन्नुहुन्छ, "आमाहरुले सन्तानको लागि गरेको हरेक सम्झौता आवश्यकता हुन्छ, त्याग हुँदो रहेनछ तर सबैका परिवार समाजले यो कुरा कहाँ बुझ्छन् र ?' यसबीचमा उहाँले अनेकौं विभेदपूर्ण व्यवहार महशुस गर्नुपरेको अनुभव छ उहाँलाई । "म एक पढे लेखेको महिलाले त समाजबाट त्यस्ता कति दुव्यबहार अदृश्यरुपमा भोग्नुपरेको छ भने अरुको अवस्था के होला ?" उहाँ प्रश्न गर्नुहुन्छ ।

अटिजम समस्या भएका बालबालिकाका अभिभावकले बच्चाको कारण समाजमा फरक व्यवहार भोग्नुपरेको गुनासा सुन्ने गरिन्छ । मीरा भन्नुहुन्छ, "सबैको घरमा कोही न कोही बिरामी या रोगी भएकै हुन्छन् । हामीलाई त सामान्य लाग्छ, अटिजम भएका हाम्रा छोराछोरीलाई हेर्ने नजर किन यस्तो ?"

विसं २०७० तिर उहाँले छोरालाई भर्खरै मन्टेश्वरीमा भर्ना गराउनु भएको थियो । केही महिना बित्दै जाँदा स्कुलबाट अचम्मका खबर आउन थाले । होमवर्क नगर्ने, पेन्सिल नसमात्ने, अरुसँग नखेल्ने, कक्षामा कहिलेकाहीँ अत्यन्त चुपचाप बस्ने । शिक्षकले अभिभावकलाई भने, "बाबु अरु बच्चाभन्दा फरक देखिन्छ ।" यो कुरा सुनेपछि मीराले छोरालाई काठमाडौँस्थित कान्ति बाल अस्पतालमा लैजानुभयो । विभिन्न परीक्षणपछि चिकित्सकले छोरालाई अटिजम स्पेक्ट्रम डिसअर्डर भएको बताएपछि उहाँ खङरङ्ग हुनुभयो । चिकित्सकको भनाइ स्पष्ट थियो अटिजमको कुनै निश्चित औषधि छैन तर समयमै थेरापी र सही व्यावहारिक अभ्यास सुरु गरिएमा बालबालिकाको क्षमता उल्लेख्य रूपमा सुधार हुन्छ ।

बालबालिकाको अवस्था सुधार गर्ने उद्देश्यले उहाँले 'अटिजम केयर नेपाल' काठमाडौँमा राखेर विशेष थेरापी कक्षामा पढाउन थाल्नुभयो । तर लामो समयसम्म काठमाडौँमा कोठा लिएर बस्नु आर्थिक रूपमा सम्भव थिएन । उहाँ भन्नुहुन्छ, "त्यो समयमा बिराटनगरमा अटिजमबारे काम गर्ने कुनै संस्था थिएन, न विशेष शिक्षा दिने विद्यालय नै । हामीजस्ता अभिभावक अन्योलमा थियौँ आफ्ना बच्चालाई कहाँ लैजाने ?" जसोतसो झण्डै दुई वर्ष कटिजम केयर नेपाल काठमाडौँमा बिशेष थेरापी कक्षामा राख्नुभयो ।

विराटनगर फर्केपछि बरगाछीस्थित प्रगतिमार्ग आदर्शटोलमा अटिजमका समस्या भएका बालबालिकालाई हेर्ने अटिजम केयर सोसाइटीमा राखेर पढाउन थाल्नुभएको छ । उहाँ आफू पनि सोही संस्थामा कार्यक्रम अफिसरको रुपमा कार्यरत हुनुहुन्छ । झण्डै एक दशकको अनुभवमा उहाँले बुझेको कुरा अभिभावकका तर्फबाट मुख्य सहयोग भनेकै अटिजमलाई स्वीकार्नु हो, त्यसपछि मात्र परिवार-छरछिमेकले उनीहरूमाथि नराम्रो व्यवहार गर्ने हिम्मत गर्दैनन् ।

अटिजम भएका बालबालिकालाई धेरैभन्दा धेरै माया दिएर अपनत्व र सुरक्षित महसुस गराउनुपर्ने उहाँको भनाइ छ । उनीहरूका गल्ती र कमीकमजोरीलाई दण्डित गर्ने, रिसाउने, डर-त्रास भर्ने काम गरेमा उग्र व्यवहार झन् बढ्न सक्छ । उनीहरूलाई माया गर्दै जाँदा विस्तारै धेरै कुरा बुझाउन सकिन्छ । बुझाइलाई बढाउँदै लैजाने तरिका पनि यही हो । घरपरिवारले अटिजममैत्री व्यवहार गर्न र सहजै सिक्ने वातावरण बनाउन सके उनीहरूको जीवनलाई सरल र सामान्य बनाउन सकिने भएकाले उहाँ यसपतर्फ सधैँ सचेत भएको बताउनुहुन्छ ।

**अभिभावककै पहलमा अटिजम केयर सोसाइटी स्थापना**

अटिजम भएका बालबालिकाको उपचार र हेरचाहका लागि विराटनगरमा अभिभावककै पहलमा २०७५ सालमा नेपाल अटिजम केयर सोसाइटी स्थापना भएको छ । यस संस्थाबाट हाल १४ जना अटिजम भएका बालबालिकाले नियमित सेवा लिइरहेका छन् । २०७० सालतिर आफ्ना बच्चामा अटिजमका लक्षण देखिएर काठमाडौँमा उपचार गराउन बाध्य भएका अभिभावकले स्थानीयस्तरमा सुविधा नहुँदा संस्था खोल्ने निर्णय गरेका थिए । सुरुमा करिब १०-१२ जना अभिभावकले अटिजम केयर नेपाल, काठमाडौँबाट तालिम लिएर सोसाइटी स्थापना गरेका थिए ।

हाल यस सोसाइटीमा ३० भन्दा बढी सदस्य छन् । केही बालबालिकाले यहाँको थेरापीबाट सुधार भई सामान्य विद्यालयमा भर्ना पनि भएका छन् । सोसाइटीमा मन्टेश्वरी तालिम प्राप्त शिक्षिका र नर्समार्फत सञ्चार सीप, सामाजिक विकास र व्यावहारिक तालिम दिने गरिन्छ । सोसाइटीका अध्यक्ष बास्तोला भन्नुहुन्छ, "अटिजमबारे अझै समाजमा ज्ञानको कमी छ । धेरै अभिभावकले बच्चाको समस्या स्वीकार गर्न हिचकिचाउँछन् तर समयमै थेरापी सुरु गरे सुधारको सम्भावना धेरै हुन्छ ।" उहाँका अनुसार सोसाइटीले अभिभावकलाई निःशुल्क परामर्श सेवा पनि दिँदै आएको छ । अटिजमका कारण बालबालिकामा स्पष्ट रूपमा सञ्चार र सामाजिक कठिनाइ देखिने भएकाले प्रारम्भिक उमेरमै थेरापी अपरिहार्य हुने बास्तोलाले बताउनुभयो ।

प्रदेश सरकारले सस्थाका बच्चाका लागि आइपर्ने प्राथमिक स्वास्थ्य उपचारका लागि आवश्यक प्राथमिक उपचारका लागि रु एक लाख सहयोग गर्दै आएको छ, त्यसले पनि संस्थालाई काम गर्न प्रेरणा र हौसला मिल्दै आएको छ । अहिलेसम्म पनि धेरै अभिभावकलाई अटिजम के हो थाहा नभएको बताउँछन् । धेरै अभिभावक आफ्ना बच्चामा अटिजमको लक्षण देखिए पनि उनीहरू स्वीकार गर्न हिचकिचाउने गरेको उहाँको भनाइ छ ।

उहाँ भन्नुहुन्छ, "यसको मुख्य कारण भनेको ज्ञानको कमी हो । अटिजम भएका बालबालिकालाई जति चाँडो विशेष थेरापीमा सहभागी गराइन्छ, व्यवहार परिवर्तनको सम्भावना त्यति नै छिटो हुन्छ ।" अटिजमसँग लड्नु केबल बालबालिकाको मात्र होइन, परिवारकै सङ्घर्ष भएकाले सोसाइटीले निकट भविष्यमा विशेष विद्यालय स्थापना गर्ने र जिल्लामा जनचेतना कार्यक्रम विस्तार गर्ने योजना समेत रहेको उहाँले सुनाउनुभयो ।

**अटिजम रोग होइन, समस्या हो**

अटिजम कुनै रोग नभएर यो जन्मजात हुने एक विशेष खालको विकासात्मक अपाङ्गता भएको चिकित्सकको भनाइ छ । नवजात शिशु तथा बालरोग विशेषज्ञ डा सुमित घिमिरेका अनुसार बच्चा आमाको गर्भमा विकास हुने क्रममा हुने जेनेटिक परिवर्तन वा बाहिरी कारकको असरले मस्तिष्कको स्नायु विकासमा गडबडी आउँछ, यसका कारण सामाजिक सीप, सञ्चार क्षमता र व्यावहारिक अनुकूलतामा समस्या देखिन्छ ।

अटिजम भएका बच्चामा प्रायःघुलमिल हुन गाहे हुने, एउटै काम दोहोर्‍याइराख्ने, सीमित रुचिमा मात्र केन्द्रित हुने र स्पष्ट रूपमा कुरा गर्न कठिनाइ हुने लक्षण देखिन्छन । "अटिजमका लक्षण प्रायः जन्मिएको तीन वर्षमै प्रष्ट चिनिन थाल्छ," डा घिमिरे भन्नुहुन्छ । डा घिमिरेका अनुसार अटिजमबाट प्रभावितमध्ये एक तिहाइदेखि आधा बच्चाले शब्द स्पष्ट उच्चारण गर्न सक्दैनन्, जसका कारण दैनिक जीवनका गतिविधि र सामाजिक सम्बन्धमा नकारात्मक असर पर्छ । कतिपय अवस्थामा ती बच्चाले आफैंले भनेको शब्द दोहोर्‍याउने, औंलाले देखाएको वस्तु नहेर्ने, हात ओल्टाउने, टाउको घुमाउने वा ठोक्नेजस्ता क्रियाकलाप देखाउँछन् ।

अटिजमलाई सामान्यतया अटिजम 'स्पेक्ट्रम डिसअर्डर' पनि भनिन्छ, जसमा लक्षण व्यक्तिपिच्छे फरक-फरक देखिन सक्छ । कोही बच्चा अत्यधिक सक्रिय हुन्छन् भने कोही अति निष्क्रिय । तर दुवै अवस्थामा पनि सामाजिक अन्तरक्रिया, सञ्चार सीप र कल्पनाशक्ति विकासमा अवरोध देखिन्छ ।

सम्म अटिजमको पूर्णउपचार पत्ता लागेको छैन तर विशेष शिक्षा, व्यावहारिक तालिम र अभिभावकको सक्रिय भूमिकाले धेरै सुधार ल्याउन सकिने डा घिमिरेको धारणा छ । "उपचारको मुख्य उद्देश्य अटिजम भएका व्यक्तिलाई आफ्नो हेरचाह आफैँ गर्ने, सामाजिक बन्ने, व्यावसायिक सीप सिक्ने र जीवनस्तर उकासेर आत्मनिर्भर बनाउनु हो," उहाँले भन्नुभयो । अटिजमलाई रोग ठानेर लुकाउनु हुँदैन, समयमै पहिचान गरी उपचार र तालिम सुरु गर्नु नै सबैभन्दा प्रभावकारी उपाय भएको उहाँको ठम्याइ छ ।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | सरकारी निकायको भय पनि रहला । |
| वृष : | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| मिथुन : | धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग मिल्नेछ । |
| कर्कट : | गरेका कामबाटै राम्रै लाभ हुनेछ । प्रेमीको सहयोग पनि पाइनेछ । |
| सिंह : | स्वास्थ्यमा समस्या आउन सक्छ, सचेत रहनु होला । |
| कन्या : | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| तुला : | सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । |
| वृश्चिक : | परिवारको साथ सहयोग मिल्नुको साथै यात्राका योग पनि देखिन्छन् । |
| धनु : | धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुनेछ । |
| मकर : | विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ । |
| कुम्भ: | धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । नयाँ कार्यको अवसर पनि मिल्नेछ । |
| मीन : | वैदेशिक क्षेत्रको कार्य अघि बढ्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



संयुक्त अरब इमिरेट (युएई) को अवुधावीमा रहेको प्रसिद्ब विएपिएस हिन्दु मन्दिर। मुस्लिम देशमा हिन्दु मन्दिरलाई सांस्कृतिक विविधता एवम् सहिष्णुताको प्रतिकको रूपमा लिने गरिन्छ। *तस्बिरः रासस*

# हामी आपसी संवाद र छलफलबाट प्रत्येक समस्याको छिनोफनो चाहन्छौँ: महासचिव पोखरेल




महोत्तरी। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले भर्खरै दुई मित्रराष्ट्र भारत र चीनले नेपालको सहमतिबेगर लिम्पियाधुरा नाका व्यापारिक प्रयोजनमा खोल्ने सहमति गरेर नेपाली चासोको सम्वेदनशीलतालाई नजरअन्दाज गरेको बताउनुएको छ।

बर्दिवासमा विहिबार प्रेस चौतारी नेपाल, महोत्तरीले आयोजना गरेको पत्रकार सम्मेलनमा महासचिव पोखरेलले भन्नुभयो, "हामीले तथ्य र सत्यमा टेकेर महाकाली वारिको भूभाग समेटिएको नक्सा बनाएका हौं, यो सन् १८१६ को सुगौली सन्धि अनुरुप छ।" दुवै छिमेकी मित्रराष्ट्रले पछिल्लो सहमतिमा नेपाललाई नखोजे पनि चीन र भारतमा हुने प्रधानमन्त्री केपी शर्मा ओलीको सद्भावना भ्रमण हाम्रो कारणले नरोकिने महासचिव पोखरेलले स्पष्ट पार्नुभयो।

"हामी आपसी संवाद र छलफलबाट प्रत्येक समस्याको छिनोफनो चाहन्छौं, यस्तो संवादको अवसर सद्भावना भ्रमणमै पाइने हो", उहाँले भन्नुभयो, "तसर्थ नेपालको तर्फबाट यो भ्रमण रोक्ने त कुरै छैन।" लिपुलेक प्रकरणमा नेपालको परराष्ट्र मन्त्रालयले चीन र भारतलाई कूटनीतिक नोट पठाएर आफ्नो असहमति स्पष्ट गरीसकेको उल्लेख गर्दै महासचिव पोखरेलले यसमा अब दुवै मित्रराष्ट्रले तार्किक निष्कर्ष दिनुपर्ने बताउनुभयो।

महासचिव पोखरेलले राजनीतिक स्थायित्व र समृद्धि नै आफ्नो दलको मुख्य ध्येय भएको बताउनुभयो। अहिले पार्टी गतिविधि यसै ध्येयमा केन्द्रित रहेको उहाँले पार्नुभयो। बर्दिवासमा आज प्रेस चौतारी नेपाल, महोत्तरीले आयोजना गरेको पत्रकार सम्मेलनमा महासचिव पोखरेलले अहिलेका पार्टी गतिविधि यसै ध्येयमा केन्द्रित रहेको स्पष्ट पार्नुभयो।

"हामी पार्टीको दोस्रो विधान महाधिवेशनको तयारीमा छौँ, यस महाधिवेशनबाट नीति र विधिका माध्यमले आफ्नो दललाई बलियो राष्ट्रिय शक्ति बनाउने सन्देश प्रवाह हुनेछ।" एमालेले नै मुलुकमा केही गर्छ भन्ने आमजनतामा बनेको भरोसालाई आगामी निर्वाचनमा बहुमतको सरकार बनाएर चरितार्थ गरिने उहाँले बताउनुभयो।

अहिले सरकार बनेदेखि आर्थिक सुधारका सूचक देखिएको उल्लेख गर्दै महासचिव पोखरेलले पछिल्लो एक वर्षको अवधिमा राजस्व वृद्धि, निर्यात वृद्धि र पुँजीगत खर्च वृद्धि भएर आर्थिक सुधार बढेको बताउनुभयो। "अब सङ्घीयता कार्यान्वयनका दिशामा बन्न बाँकी कानुनमा सरकार केन्द्रित हुनपर्छ", उहाँले भन्नुभयो।

नेपाली कांग्रेस र नेकपा एमालेबीच वर्तमान सरकार गठनका बेला बनेको सम्बिधान संशोधनको सहमति कार्यान्वयनमा जाने महासचिव पोखरेलको भनाइ थियो। "अहिले राष्ट्रियसभामा सत्ता साझेदार दलको बलियो उपस्थिति छैन, अब यसै वर्षभित्र हुने राष्ट्रियसभा निर्वाचनमा बलियो उपस्थिति बन्ने अवस्था छ। त्यसलगत्तै संविधान संशोधनको विषयमा प्रवेश गरिने छ", पत्रकारहरुको जिज्ञासामा उहाँले स्पष्ट पार्नुभयो।

महसचिव पोखरेल विहिबार आसन्न विधान महाधिवेशनमा प्रस्तुत हुने राजनीतिक, साङ्गठनिक र विधान संशोधनबारे मधेस प्रदेशका अगुवा कार्यकर्ताबीचको छलफलमा सरिक हुन बर्दिवास आउनुभएको हो।

पत्रकार सम्मेलनमा नेकपा (एमाले) का सचिव रघुवीर महासेठ, स्थायी कमिटी सदस्य लिलानाथ श्रेष्ठ, पोलियुटब्युरो सदस्य सुमनराज प्याकुरेल, मधेस प्रदेश अध्यक्ष चन्द्रेश्वर मण्डललगायतको उपस्थिति थियो।रासस

# 'मधेशमा देखिएको सुक्खा समस्यालाई हल गर्न काम सुरुआत भइसकेको छ'

जनकपुरधाम। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इञ्जिनियर मित्र बरालले मधेस प्रदेशको विद्युत् र सिँचाइ सेवाका अवस्था बारेमा जनकपुरमा जानकारी लिनुभएको छ।




नेपाल विद्युत् प्राधिकरण, प्रादेशिक कार्यालय जनकपुरधाममा विहिबार आयोजित कार्यक्रममा उहाँहरुले मधेस प्रदेशको विद्युत् र सिँचाइ क्षेत्रमा तत्काल थप सुधारमा लाग्न पनि कर्मचारीलाई निर्देश गर्नुभयो।

सो अवसरमा मन्त्री खड्काले मधेश प्रदेशमा विद्युत् चुहावट अन्य प्रदेशका तुलनामा उच्च रहेको हुँदा यसलाई तत्काल समाधान गर्नुपर्छ भन्नुभयो। उहाँले भन्नुभयो," यस प्रदेशमा विभिन्न स्थानमा अझै पनि पटक-पटक बिजुली कटौती हुने जनगुनासो छ। २४ घण्टा विद्युत् आपूर्ति सुनिश्चितता गरिनुपर्छ। विद्युत् र सिँचाइ क्षेत्रमा सुधार आवश्यक छ। यो कामलाई प्रोत्साहित गर्दै, जनताको जीवनस्तर उकास्न हामी प्रतिबद्ध छौँ।"

सो अवसरमा जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इञ्जिनियर बरालले तराईमा पछिल्लो समय देखिएको सुक्खा समस्यालाई सम्बोधन गर्न सकिने हुँदा यसमा विभागले उच्च प्राथमिताका साथ ध्यान दिएको जानकारी दिनुभयो। कार्यक्रममा नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिका सदस्य श्यामकिशोर यादव, विद्युत् प्राधिकरण प्रादेशिक कार्यालय जनकपुरका प्रमुख मनोज यादवलगायतको उपस्थिति रहेको थियो।रासस

# अस्तव्यस्त राजविराज बजार

**टुडे समाचारदाता**

राजविराज। सप्तरीको राजविराज नगरपालिकास्थित बजार निकै अस्तव्यस्त बनेको छ।

राजविराजस्थित सडक अतिक्रमण हुँदा बजार तथा सडकपेटीहरूमा दिनप्रतिदिन सर्वसाधारणले सास्ती भोग्नुपर्ने कठिनाइ भएको राजविराज- ५ का गोपाल गुप्ताले बताए।

राजविराज बजारको सबै सडकमा सवारी साधन पार्किङ गर्दा सर्वसाधारण समस्यामा पार्दै आएको उनको भनाइ छ।

सवारी साधनहरू बसपार्कमा नभए सडकमा पार्किङ गर्ने, सडक



बाध्यता रहेको छ।

यहाँको सडक पेटीहरूमा स-सानादेखि ठूलाठूला पसल सञ्चालनसँगै सवारीसाधन पार्किङ गर्न थालेपछि सर्वसाधारणले सास्ती ब्यहोर्नुपरेको छ।

राम मन्दिरदेखि उच्च अदालत जनकपुर राजविराज इजलाससम्म करिब ४ सय मिटर सडकको दुबै छेउमा तरकारी, फलफूल, चटपटे तथा अन्य सामग्रीको पसल थापेपछि सडकको बिचको सानो भागबाट सर्वसाधारणले हिँड्डुल गर्नुपर्ने बाध्यता रहेको स्थानीयवासीहरु बताउँछन्। पैदल यात्रा र सवारी साधनमा यात्रा गर्न अतिक्रमण गरेर ससाना पसल सञ्चालन गर्ने प्रवृत्तिको न्यूनीकरण हुन नसक्दा सर्वसाधारणले सास्ती व्यहोर्नुपर्ने परेको छ।

बस, माइक्रो, विंगरलगायत सानाठुला सवारी साधन बसपार्कमा पार्किङ नगरेर सडकमै पार्किङ गर्दा सर्वसाधारणलाई निकै सास्ती भोग्न बाध्य छन्।

राजविराज नगरपालिकाका कार्यवाहक मेयर इसरत प्रविणले पटकपटक अतिक्रमण हटाए पनि फेरि अतिक्रमण गरेर पसल सञ्चालन गरेर सर्वसाधारणलाई सास्ती दिनेलाई कानुनबमोजिम कारबाही हुने बताए।

# जनता बहुमुखी क्याम्पसलाई जुट्यो नौ बिघाभन्दा बढी जग्गा

महोत्तरी। महोत्तरीको बर्दिबास-१४ स्थित बर्दिबास जनता बहुमुखी क्याम्पस आर्थिक अवस्था कमजोर भएका परिवारका छोराछोरीको उच्च शिक्षाको गन्तव्य हो। यहाँ बर्सेनि विद्यार्थी थपिँदै गएका छन्, तर पर्याप्त जग्गा अभावमा क्याम्पसले समस्या खेप्दै आएको छ। पछिल्लो समय भने यहाँ क्याम्पसलाई स्रोतसाधन जुट्दै गएको छ। क्याम्पस प्रशासनले हालै नौ बिघाभन्दा बढी जग्गा प्राप्त भएको जनाएको छ।




विसं २०६४ मा बर्दिबास-२ स्थित जनता माध्यमिक विद्यालयमा सञ्चालन हुँदै आएको क्याम्पस पाँच/छ वर्षपछि बर्दिबास-१४ मा छ कट्ठा जग्गामा भवन बनाएर सञ्चालन हुँदै आएको छ। त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस रहेको यहाँ हाल एक हजार २०० विद्यार्थी छन्। बर्सेनि विद्यार्थी स‌‌त्‌या बढ्दै गएको पनि क्याम्पसलाई थप भवन बनाउन ठाउँ अभाव भइरहेका बेला यसपालि नौ बिघा एक कट्ठा नौ धुर जग्गा प्राप्त भएका क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष भरतबहादुर हमालले जानकारी दिनुभयो।

उहाँकाअनुसार साबिक २५ नं बहादुरगञ्ज-२ (ङ) को कित्तानम्बर १७ र १८ बाट जग्गा प्राप्त भएको र अब यहाँ थप भवन, खेलमैदान, उद्यान र छात्रावास बनाइने छ। "आवश्यक जग्गा प्राप्त भएको छ, अब स्रोतसाधन र सहयोग जुटाएर थप संरचना बनाउँछौँ। त्यसका लागि समन्वय गरिरहेका छौँ", अध्यक्ष हमालले भन्नुभयो।

क्याम्पसलाई बर्दिबास नगरपालिकाको सिफारिसमा जिल्लास्थित प्रमुख जिल्ला अधिकारी नेतृत्वको जग्गा प्राप्ति सिफारिस समितिको निर्णयले पर्ति जग्गा प्राप्त भएको जनाइएको छ।

महोत्तरीका बर्दिबास, भङ्गाहा, औरही र गौशाला नगरपालिका एवं धनुषाको मिथिला नगरपालिकाका क्षेत्रबाट यहाँ अध्ययन गर्न आउने गरेका छन्। क्याम्पसमा छात्रभन्दा छात्राको संख्या बढी छ। क्याम्पस प्रमुख सीताराम खड्काले हाल यहाँ कुल विद्यार्थीको ६० प्रतिशत हाराहारी छात्रा रहेको बताउनुभयो।

क्याम्पसमा हाल वाणिज्य र शिक्षा सङ्कायमा स्नातक तथा शिक्षा सङ्कायमा स्वास्थ्य र नेपाली विषयमा स्नातकोत्तर तहसम्मको पठनपाठन भइरहेको छ। स्नातक तहमा मानविकी सङ्काय र स्नातकोत्तर तहमा वाणिज्यको पठनपाठन स्वीकृतिका लागि पहल भइरहेको क्याम्पस प्रशासनले जनाएको छ।रासस

# एम्बार्क कलेजलाई दिल्लीमा उदाउँदो बी-स्कूलको उपाधी




**टुडे समाचारदाता**

काठमाण्डु। इम्बार्क कलेजले अन्तर्राष्ट्रिय स्तरमा अर्को ठूलो सफलता हात पारेको छ। अगस्त १९-२०, २०२५ मा भारतको नयाँ दिल्लीस्थित इरोस होटलमा आयोजित "इलेट्स वर्ल्ड एजुकेशन समिट २०२५" मा इम्बार्क कलेजलाई "इमर्जिङ बी-स्कूल " उपाधिबाट सम्मान गरिएको हो।

उक्त सम्मानले इम्बार्क कलेजले व्यवसायिक शिक्षा क्षेत्रमा पुऱ्याएको योगदान, नवीन शैक्षिक दृष्टिकोण, र छोटो अवधिमा प्राप्त उल्लेखनीय प्रगतिको उच्च मूल्यांकन गरेको छ। अन्तर्राष्ट्रिय मञ्चमा इम्बार्क कलेजको पहिचान "यस्तो प्रतिष्ठित अन्तर्राष्ट्रिय मञ्चमा सम्मानित हुन पाउँदा हामी अत्यन्त गौरवान्वित छौं," इम्बार्क कलेजका कार्यकारी निर्देशक तथा सीईओ आशिष ठाकुरले बताए।

"यो सम्मानले व्यवसायिक शिक्षाको क्षेत्रमा हाम्रो दृष्टिकोण, प्रतिबद्धता र नवाचारको प्रमाण प्रस्तुत गर्दछ। हामी विद्यार्थीहरुलाई विश्वस्तरको शिक्षा प्रदान गर्दै जिम्मेवार व्यवसायिक नेतृत्व विकास गर्न प्रतिबद्ध छौं," ठाकुरले थपे।

इम्बार्क कलेजः नवीन शिक्षा र व्यावसायिक अभ्यासको संगम, इम्बार्क कलेजले कठोर शैक्षिक मापदण्ड र व्यावहारिक औद्योगिक अनुभवलाई समेट्दै व्यवसायिक शिक्षामा नयाँ उचाइ हासिल गरेको छ। कलेजको पाठ्यक्रमले नवीनतम सोच, नैतिक नेतृत्व, र विश्वव्यापी व्यवसायिक क्षमताको विकासमा विशेष ध्यान केन्द्रित गरेको छ।

यस सम्मानले कलेजलाई थप प्रेरित गर्दै शैक्षिक कार्यक्रमहरूलाई विस्तार गर्न, अग्रणी उद्योगहरू सँग सहकार्य बढाउन र विद्यार्थीहरूलाई अझ सशक्त बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ।

इलेट्स वर्ल्ड एजुकेशन समिटः शैक्षिक उत्कृष्टताको अन्तर्राष्ट्रिय मञ्च, वर्ल्ड एजुकेशन समित एक वार्षिक अन्तर्राष्ट्रिय सम्मेलन हो, जसले शिक्षा क्षेत्रका नीति निर्माता, शैक्षिक नेता तथा उद्योग विशेषज्ञहरुलाई एउटै मञ्चमा ल्याएर शिक्षा सम्बन्धी समसामयिक विषयहरूमा छलफल गर्छ। यस सम्मेलनले शैक्षिक उत्कृष्टतामा योगदान पुऱ्याउने संस्थाहरूलाई विभिन्न श्रेणीमा सम्मानित गर्ने गर्दछ।

इम्बार्क कलेज,रोहेम्प्टन विश्वविद्यालय सगँ शैक्षिक साझेदारीका साथ ललितपुरमा अवस्थित एक व्यवसायिक शिक्षण संस्था हो, जसले जिम्मेवार र सशक्त व्यवसायिक नेतृत्व उत्पादन गर्ने उद्देश्य राखेको छ। नवीन पाठ्यक्रम, अनुभवी प्राध्यापक, र उद्योग सँगको बलियो सहकार्यका माध्यमबाट कलेजले विद्यार्थीहरूलाई विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउने शिक्षा प्रदान गर्दै आइरहेको छ।

### कारागार घटनाको अध्ययन प्रतिवेदनः

# आन्तरिक मतभेदका कारण झडप

सुदूरपश्चिम। कैलाली कारागारमा भएको झडप घटना छानबिन गर्न गठित समितिले कारागारको आन्तरिक प्रशासनका बीच मतभेद सिर्जना भई झडप भएको प्रतिवेदन तयार पारेको छ।

उक्त घटनाको छानबिन गर्न गठित समितिका संयोजक सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीले कारागारको आन्तरिक प्रशासनमा मतभेद सिर्जना भई घटना भएको देखिएको बताउनुभयो। उहाँले भन्नुभयो, "घटनास्थलको अध्ययन गरी घाइते कैदीबन्दी, कारागारको वस्तुस्थिति, सुरक्षाका लागि खटिएका सुरक्षाकर्मी, प्रशासकसँग कुराकानी गऱ्यौँ, बन्दीगृहभित्र रहेको 'ए ब्लक' र 'बी ब्लक' बीचको आन्तरिक प्रशासनबीच मतभेद सिर्जना भएको देखिन्छ।"

घटनाको थप तथ्य बाहिर ल्याउन विशेषज्ञसहितको उच्चस्तरीय छानबिनको आवश्यकता देखिएको जोशीको भनाइ छ। उहाँले भन्नुभयो, "घटनास्थलको अध्ययनका क्रममा 'सिसिटिभी फुटेज' स्पष्ट देखिएन, घाइतेले भनेबमोजिमका व्यक्तिले घटनामा संलग्नता अस्वीकार गरेको र उनीहरूसँगको कुराकानीका आधारले मात्रै पुष्टि हुने आधार नदेखिएकाले विशेषज्ञसहितको उच्चस्तरीय समिति आवश्यक देखिएको छ।"

समितिलाई १० दिनको समय दिइएकामा अध्ययन प्रतिवेदन प्रमुख जिल्ला अधिकार ीसमक्ष बुझाएको छ। गत साउन २३ गते कारागारमा कैदीबन्दीबीच झडप हुँदा एक जनाको मृत्यु भएको थियो भने ४९ कैदीबन्दी घाइते भएका थिए। गम्भीर घाइते तीन जनाको काठमाडौँमा अझै उपचार भइरहेको छ।

सेती प्रादेशिक अस्पताल धनगढीमा उपचार गराइरहेकामध्ये ४१ जना 'डिस्चार्ज' भइसकेका छन्। उनीहरूमध्ये तीन जनालाई कञ्चनपुर कारागार र एक जनालाई नवलपरासी कारागारमा स्थानान्तरण गरिएको छ। अस्पतालले डिस्चार्ज भने पनि धेरै कैदीबन्दी अस्पतालमा नै बसिरहेका छन्। उनीहरूले इच्छाएको कारागारमा स्थानान्तरण गरेर व्यवस्थापन गर्ने काम भइरहेको जनाइएको छ।



घटनापछि सरकारले कैलालीका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमाललाई फिर्ता बोलाएर कृष्णप्रसाद लम्साललाई खटाएको छ। यसैगरी, कारागार शाखा प्रमुखमा पनि नयाँ व्यक्ति खटाइएको छ। १५० जना अटाउने कैलाली कारागारमा हाल ६९७ कैदीबन्दी रहेका छन्।रासस


# पर्यटन विभागले सेवालाई प्रविधिमैत्री बनाउने

काठमाण्डु। पर्यटन विभागले आफ्नो सेवालाई व्यवस्थित र प्रविधिमैत्री बनाउने भएको छ। विभागले कार्यसम्पादनलाई क्रमशः संस्थागत, प्रक्रियागत सरलीकरण, प्रणालीगत सुधार र प्रविधिगत नियमनमा जोड दिएको जनाएको छ।

पर्यटन प्रशासनलाई व्यवसायमैत्री, लगानीमैत्री र प्रविधिमैत्री बनाई यस क्षेत्रमा आकर्षण बढाउने विभागको लक्ष्य रहेको छ। अन्तरराष्ट्रिय अभ्यासलाई राष्ट्रिय प्रणालीमा आबद्ध गर्नेलगायत पर्यटकीय गतिविधिको विकास र विस्तार गर्ने कार्यलाई प्राथमिकतामा राखेको विभागले हालै प्रकाशित गरेको वार्षिक प्रतिवेदनमा उल्लेख छ।

विभागका महानिर्देशक डा नारायणप्रसाद रेग्मीले विभागको कामलाई सरल, सहज र व्यवसायमैत्री बनाउन पहलकदमी लिइएको बताउनुभयो। उहाँका अनुसार विभागले पहिलोपटक वार्षिक प्रतिवेदनमार्फत सम्पादन गरेका काम र भावी कार्ययोजनाका साथै चुनौती र आगामी दिनमा गर्नुपर्ने सुधारका विषयलाई समेटेको छ।

महानिर्देशक रेग्मीले प्रक्रियागत उल्झनलाई किनारा लगाउँदै नियमित सम्पादनलाई अगाडि बढाइएको जानकारी दिनुभयो। नीतिगत सुधारको दिशामा पनि विभाग केन्द्रित भएको उहाँले बताउनुभयो।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

**सम्पादकीय**

## तीन वटै तहका सरकार गम्भीर होउ

मधेश प्रदेशमा तीनै तहका सरकार गम्भीर नहुँदा हरेक क्षेत्रमा गम्भीर त्रुटिसहितको लापरबाही हरेक नियकाबाट जानअंजानमा हुँदै आएको देखिन्छ। लामो समयदेखि हुँदै आएको कुनै पनि व्यवहार, प्रवृत्ति लामो समय वित्दै गएमा परम्पराको रुपमा लिइन्छ। तर सो परम्परालाई तोड्ने सफल प्रयास भने कतैबाट पनि नहुनु दुःखद हो। मधेश प्रदेशको हरेक जिल्लाको सदरमुकाम, पालिकाको मुकाम, वडाको मुकामलाई मध्यनजर गर्ने हो भने एउटा उदाहारण सामान्यतः मिल्ने गर्छ। त्यो हो सामुदायिक विद्यालयप्रतिको सौतेनी व्यवहार। त्यो पनि राज्यस्तरबाटै। जुन कसैबाट लुकेको छैन। जसरी शिक्षा क्षेत्रलाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले बेवास्ता गरेको छ। त्यसले हरेक क्षेत्रमा भगवान भरोसे रहनुपर्ने बाध्यता र रहर दुवै अवस्थाको सृजना राज्यले नै गरेको सर्वदित्तै छ। शिक्षा बिग्रिदाँ मधेश प्रदेशको हरेक गल्लीकुचीमा मन्दिर/मदर्सा, मदिरालय, निजी विद्यालय, निजी अस्पताल र अब त चिटिक्क परेको लोभलाग्दो रुपरंगमा स्वर्गद्वारी भनिएको मर्घटियाहरु पनि सरकारी रकममा बन्न थालेको छ। यसले आउने दिनमा समाज कता गइरहेको छ भन्ने कुरा कसैसंग लुकेको छैन। त्यसैले आफ्नो घर, परिवार, समाज, गाउँठाउँ र शहर कस्तो बनाउने भन्दा पनि पहिला शिक्षा क्षेत्रतर्फ स्वास्थ्य नीति व्यवहारिक रुपमा लागू गर्नतर्फ स्थानीय तहले नै अग्रीम पहलकदमी लिनुपर्ने आवश्यकता रहेको छ। जुन कुरा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था कार्यान्वयन भएको दशक वित्दा पनि जनताले आभाष नपाउनु नै जनतासंग जनप्रतिनिधिदेखि राज्यले गरेको प्रत्यक्ष रुपमा जनतालाई ढाट्नु हो। जुन समाजमा शिक्षालाई बेवास्ता गरिन्छ, त्यहाँ अवश्य पनि धर्मको नाममा मानिसलाई अलमलमा राख्नका लागि मन्दिर निर्माणलाई निकै प्राथमिकता साथ अघि बढाइन्छ। त्यहाँ मानिसले जनप्रतिनिधिलाई, मन्त्रीलाई, कर्मचारीलाई, राज्यलाई, चिकित्सकलाई प्रश्न गर्ने प्रवृत्ति र वाणी नै हराउँछ। र हराएको पनि छ। त्यहाँ मानिसले भगवानलाई हरेक कुराहरु साझा गर्ने स्थलको रुपमा मन्दिरलाई रोज्छ। जहाँ भगवानले केवल सुन्ने गर्छ। त्यस सवालको जवाफ दिने टन्टै साफ हुन्छ। त्यहाँको समाजमा मुर्दाघर निकै आवश्यकता हुन जान्छ। केही समय अघि मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले निजी तथा सरकारी अस्पतालमा अनुगमन गर्ने क्रममा देखिएका विकृति तथा विसंगति विरुद्ध कडाइपूर्वक लागे पछि केही हदसम्म अवैध रुपमा खोलिएका अस्पतालहरु बन्दको अवस्था सृजना हुँदा सरकारी अस्पतालले केही हदसम्म क्रमशः सुधार हुँदै गएको देखिएको थियो। तर क्रमशः विस्तारै सो अवैध भनिएका अस्पतालहरु सञ्चालनमा आइसकेका छन्। त्यसैले तीन वटै तहका सरकारले स्पष्ट रुपमा जनताको गास, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारको ग्यारेन्टी गर्दैन, त्यहाँ लापरबाही नहुनु कुरै छैन। त्यसैले यसको सुधारका लागि राज्य गम्भीर बनोस्।

# वासुदेवचन्द्र मल्ल : इतिहासका स्थापित व्यक्तित्व



प्रा डा तीर्थप्रसाद मिश्र

नेपाल बहुसभ्यता र बहुसंस्कृति सम्पन्न गौरवपूर्ण अतीत भएको मुलुक हो। इतिहासको विभिन्न कालखण्डमा राष्ट्र एवं समाजमा विशेष योगदान पुऱ्याएका व्यक्तित्वहरूको स्मरण गरी श्रद्धासुमन व्यक्त गर्नु नेपाली समाजको एउटा सुन्दर पक्ष हो।

विगतमा देशका लागि गुन लगाएका व्यक्ति समाजमा ओझेल नपरुन् र त्यो योगदान बारेमा भावी पुस्ता पनि सुसूचित हुन सकुन् भन्ने हेतुले यस्ता महामानवहरूको स्मृति दिवस मनाउने विशिष्ट परम्परा रहेको पाइन्छ। यसै तथ्यलाई आत्मसात् गरी प्रा वासुदेवचन्द्र मल्लको २८औँ स्मृतिदिवस साउन ३१ गते पनि स्मरण गर्ने र उहाँले नेपालको शैक्षिक, प्रशासनिक, कूटनीतिक र राजनीतिक क्षेत्रमा पुऱ्याउनुभएको योगदान पनि स्मरण गर्ने उद्देश्य यस आलेखको रहेको छ।


मध्यकालीन नेपालको इतिहासमा कर्णाली प्रदेशमा सवल खसिया मल्ल साम्राज्य थियो। सोही राज्य विखण्डन हुँदै जाँदा बाइसी र चौबीसी राज्यहरू सिर्जना भए। यिनै टुक्रेमध्येका केही राज्यमा शासक मल्लवंशी थिए। यही मल्लवंशका सन्तति थिए, बझाङका कृपाचन्द्र मल्ल। उनी भारतीय सेनामा कर्नेल पदमा कार्यरत रहँदा अल्मोडा (हाल भारतको उत्तराखण्ड) मा २५ डिसेम्बर १९२६ मा वासुदेवचन्द्र मल्लको जन्म भएको थियो। उहाँ नै कालान्तरमा बिसी मल्लको नामबाट ख्यातिप्राप्त हुनुभयो। अल्मोडामा नै म्याट्रिक पास गरी बनारसको काशी हिन्दू विश्वविद्यालयमा राजनीतिशास्त्रमा स्नातकोत्तर उत्तीर्ण मल्ल बनारसमा अध्ययन गर्ने क्रममै प्रजातन्त्रका हिमायती बन्नुभएको थियो। उहाँले सन् १९५१ (विसं २००७) सालदेखि मृत्युपर्यन्त मुलुकको बहुविधा क्षेत्रको केन्द्रविन्दुमा रही मुलुकलाई महत्वपूर्ण योगदान पुऱ्याउनुभयो।

भारतको बनारस प्राचीनकालदेखि नै नेपालीहरूका लागि आकर्षक गन्तव्यस्थल रहेको थियो। तीर्थाटनका लागि मात्र नभएर पढ्न, जागिर खान, राजनीति गर्न, आवश्यक पर्दा परिचय लुकाएर भूमिगत रहन, मर्न र मार्न तथा निर्वासित भई आश्रय लिन नेपालीहरू बनारस पुग्ने गरेको देखिन्छ। बनारसबाटै नेपालको प्रजातान्त्रिक आन्दोलन प्रारम्भ भएको थियो। यस आन्दोलनमा पनि मल्ल सरिक हुनुभयो। हनुमाननगरबाट सशस्त्र क्रान्तिमा भाग लिई आन्दोलन सफल बनाउन उहाँले सहयोगी भूमिका निर्वाह गर्नुभएको थियो। उहाँले बनारस हिन्दू विश्वविद्यालय, नेपाली छात्र सङ्घका अध्यक्ष भई नेपाली विद्यार्थीहरुलाई आन्दोलनमा सरिक हुन प्रेरित गर्नुभएको प्रसङ्ग स्मरणीय छ।

सन् १९५१ (विसं २००७) सालको आन्दोलनपश्चात् सन् १९५३ देखि ५५ सम्म बालसखा दलको सदस्य हुनुभई सन् १९५६ मा तरुण दलको सचिव हुँदै अध्यक्षको भूमिका समेत निर्वाह गर्नुभएको थियो। प्रारम्भदेखि नै प्रजातन्त्रका हिमायती हुँदा पञ्चायती राजको कोपभाजनमा पर्नुभयो। यद्यपि २०४६ सालको आन्दोलन सफल हुनुमा पनि मल्लको योगदान स्तुत्य रहेको थियो। तत्कालीन समयमा सम्पूर्ण बौद्धिक वर्गलाई आन्दोलनमा परिचालन गर्न पनि उहाँ सफल हुनुभएको थियो। आजन्म प्रजातन्त्रप्रति गहिरो अनुराग राख्नुहुने मल्लले आत्मसम्मान, स्वाभिमान र अवलम्बन गरेको आदर्शसँग कहिल्यै सम्झौता गर्नुभएन। विसं २०४६ पश्चात् प्रजातन्त्र रक्षा गर्ने दिशामा उहाँले सदैव रक्षाकवजका रूपमा आफूलाई अग्रसर बनाउनुभयो।

नेपालमा सन् १९६१ (विसं २०१८) देखि प्रारम्भ भएको राजनीतिशास्त्रको स्नातकोत्तर कार्यक्रममा सन् १९७५ (विसं २०३२) सम्म अनवरत सेवा गरी धेरै शिष्यहरूको व्यक्तित्व निर्माणमा उहाँले प्रत्यक्ष भूमिका निर्वाह गर्नुभएको छ। शेरबहादुर देउवा, अर्जुननरसिंह केसी, हिरण्यलाल श्रेष्ठ, कृष्ण पोखरेल, कृष्ण खनाल, नवीनप्रकाशजङ्ग शाह, सौभाग्यजंग कार्की, कपिल श्रेष्ठ, श्रीशशमशेर राणा, मधुनिधि तिवारीजस्ता अनेकौँ चर्चित व्यक्तिहरू मल्लसरका चेला भएकोमा गौरव गर्ने प्रसङ्ग अझै स्मरणीय छ। सन्त नेता कृष्णप्रसाद भट्टराई लेख्नुहुन्छ, "श्री वासुदेवचन्द्रजी अत्यन्त नै मिलनसार सहहृदयी मित्र हुनुहुन्थ्यो। आफ्ना सारा परिवारको पल्टनिया सेवाको पृष्ठभूमि भएकाले उहाँ दृढ निश्चय र अनुशासनप्रिय हुनुहुन्थ्यो, जो पछि उहाँ प्राध्यापक सङ्घको दुई पटक अध्यक्ष हुँदा त्रिविको उपकुलपति हुँदा र चीनका लागि नेपालको राजदूत भई काम गर्दा समाजका लागि अत्यन्त उपयोगीसिद्ध भयो।

राजनीतिक विचारधाराबाट प्रेरित भए तापनि शिक्षण पेसामा रमाउनुहुने मल्लले सन् १९५४ देखि ५६ सम्म त्रिचन्द्र कलेज र संस्कृत महाविद्यालयमा प्राध्यापन गर्नुभयो। सन् १९६३ मा त्रिभुवन विश्वविद्यालय राजनीतिशास्त्रको प्रमुख भई सोही विभागमा लामो समयसम्म सेवा पनि गर्नुभयो। सन् १९६९ देखि एक वर्ष अमेरिकाको इलोनाइ र कोलम्बिया विश्वविद्यालयमा आगन्तुक प्राध्यापक भई कार्यसमेत गर्नुभयो। सन् १९७५ (विसं २०३२) मा प्रजातन्त्रवादी भएको र प्रजातन्त्रवादी विद्यार्थीहरूको आन्दोलनमा समर्थन गरेको आरोपमा विश्वविद्यालय सेवाबाट उहाँलाई बर्खास्त गरियो। यो बर्खास्तीलाई त्रिभुवन विश्वविद्यालयको इतिहासमा एउटा कलङ्कका रूपमा लिने गरिन्छ। बर्खास्तीपश्चात् कुनै असन्तोष तथा आक्रोश व्यक्त नगरी प्राज्ञिक कार्यमा संलग्न हुनसक्नु उहाँको प्राप्ति हो। सन् १९७५ (विसं २०३२) मा प्राध्यापकबाट निष्कासन गरेकोमा सम्बन्धित पदाधिकारीहरूले कालान्तरमा ठूलो पश्चाताप गरेका र गल्ती भएको स्वीकार गरेका छन्। सन् १९९० (विसं २०४६) को आन्दोलनपश्चात् उहाँको ससम्मान पुनर्बहाली समेत भएको थियो।



नेपाल प्राध्यापक सङ्घको इतिहासमा वासुदेवचन्द्र मल्ल कहिल्यै ननिभ्ने दियो हुनुभएको छ। उहाँ त्रिभुवन विश्वविद्यालय कलेजको सन् १९६४ देखि १९६६ सम्म प्राध्यापक सङ्गठनको अध्यक्ष हुनुभयो। सन् १९८१ (विसं २०३८) मा पुनर्गठित नेपाल प्राध्यापक सङ्घको अध्यक्षमा निर्वाचित हुनुभई प्राध्यापकका हकहित र पदीय मर्यादाका लागि पहरेदारका रूपमा आफूलाई उभ्याउनुभयो।

सन् १९९० (विसं २०४६) को आन्दोलनपश्चात् त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा नियुक्त भई सङ्क्रमणकालीन राजनीतिक अवस्थामा विश्वविद्यालयको शाख र गरिमामा कुनै कमी हुन दिनुभएन। सन् १९९१ (विसं २०४८) मा गणतन्त्र चीनका लागि नेपालको राजदूत नियुक्त हुनुहुँदा त्यहीँबाट मङ्गोलिया र उत्तर कोरियाको पनि दूतावासको कार्यभार निर्वाह गर्नुभयो। सन् १९९४ (विसं २०५१) मा नेपालको राजनीतिमा आएको परिवर्तनले उहाँलाई राजदूतबाट फिर्ता बोलायो। कार्यकाल पूरा नगरी फर्कनुपरेकामा उहाँले कुनै गुनासो समेत गर्नुभएन। गिरिजाप्रसाद कोइरालाले प्राध्यापक मल्ललाई एक सुयोग्य गुरुका रूपमा टिप्पणी गर्दै "…. उहाँ एक राष्ट्रवादी प्रजातन्त्रवादी व्यक्तित्वका रूपमा मात्र होइन एक अनुभवी प्राध्यापक शिक्षाविद चिन्तक एवं कुटनीतिक क्षेत्रका एक सशक्त व्यक्तित्वका रुपमा पनि सम्झन्छु", भन्नुभएको थियो।

वासुदेवचन्द्र मल्ल सन् १९७५ मा नेपाल काउन्सिल अफ वर्ल्ड अफियर्सको संस्थापक अध्यक्ष हुनुभयो। यो संस्थालाई नेपालको कूटनीतिक क्षेत्रमा एक अब्बल संस्थाका रूपमा गणना गरिन्छ। यसको श्रेय पनि मल्ल सरलाई नै दिनुपर्ने हुन्छ। यसैगरी प्रजातान्त्रिक विचार समाजका परिकल्पनाकार र संस्थापक अध्यक्ष पनि उहाँ नै हुनुहुन्थ्यो। उक्त संस्था हालसम्म पनि प्रजातन्त्र/लोकतन्त्रको रक्षाका लागि निरन्तर सक्रिय रहेको छ।

नेपाली कांग्रेसको अन्तरराष्ट्रिय विभागको सदस्य भई तथा अन्य विभिन्न समितिमा रही कार्यसम्पादन गर्नुभएका प्राध्यापक मल्ललाई कांग्रेसीजनले आफ्ना मार्गदर्शक र सल्लाहकारका रूपमा लिने गर्दथे। चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको अध्यक्ष भई शैशवकालमा रहेको उक्त अस्पताललाई सर्वसुलभ गुणस्तरीय सेवा दिने संस्थाका रूपमा अघि बढाउन उल्लेख्य कसरत गर्नुभयो। यसैगरी सन् १९६४ देखि १९६६ सम्म नेपाल राष्ट्रिय खेलकुद सङ्घको कोषाध्यक्षको उत्तरदायित्वमा निर्वाह गर्नुभएको भूमिका पनि प्रशंसनीय रहेकै छ।

नेपाललाई अन्तरराष्ट्रिय क्षेत्रमा पहिचान गराउने सारथीका रूपमा प्राध्यापक मल्ललाई कूटनीतिज्ञहरूले श्रद्धा गर्ने गरेका छन्। प्राध्यापक मल्लले सन् १९६६ मा संयुक्त राष्ट्रसङ्घको महासभामा नेपालको प्रतिनिधित्व गर्नुभएको थियो भने चीन, श्रीलङ्का, जर्मनी, फिनल्यान्ड, अल्जेरियामा सम्पन्न अन्तरराष्ट्रिय विविध विषयक सम्मेलनमा सहभागी भई नेपालको दृष्टिकोण सशक्त रूपमा प्रवेश गराई मुलुककै नाम समुज्जवल गराउनुभएको थियो। पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको भनाइमा "… राजनीतिमा लाग्ने सक्रिय रहने कुरामा पनि उहाँबाट मैले उत्प्रेरणा पाएको छु …देशभक्त कर्तव्यनिष्ठ प्रजातन्त्रप्रति प्रतिबद्ध रूपमा मात्रै होइन प्रजातन्त्रलाई परिष्कार परिमार्जन गर्दै प्रजातान्त्रिक आदर्शप्रति अविचल प्राध्यापकका रुपमा पाएँ। विद्वानहरू सबै हिम्मतवान हुँदैनन्, उहाँ हिम्मतिलो विद्वान हुनुहुन्थ्यो।"

यस्ता महान् व्यक्तित्व १५ अगस्ट १९९७ (२०५४ साउन ३१ गते) शुक्रबार बिहान ५:०० बजे नित्य पूजाआजा गर्दागर्दै भगवान्को प्यारो हुनुभयो। प्राध्यापक मल्लको निधनले एक शिक्षाविद्, प्रजातान्त्रिक योद्धा, समाजसेवी, बौद्धिक जगत्का एक उज्ज्वल नक्षत्रको अस्त भएको टिप्पणी सर्वत्र गरिएको थियो। प्राध्यापक मल्ल नेपाल प्राध्यापक सङ्घका प्रणेता, प्रजातान्त्रिक विचार समाज र नेपाल काउन्सिल अफ वर्ल्ड अफेयर्सका संस्थापक एक समाजसेवी, शिक्षाविद्, कुशल प्रशासक र कूटनीतिज्ञ, राजनीतिक विश्लेषक हुनुहुन्थ्यो। उहाँलाई अनुकरणीय प्राध्यापक र मानवताका सरल पात्रका रूपमा नेपाली समाजले लिने गरेको छ। स्वर्गीय मल्लको आदर्श र उहाँले देखाउनुभएको मार्गमा अग्रसर हुने सत् उद्देश्यका साथ वासुदेवचन्द्र मल्ल प्रतिष्ठान २०५४ सालमा नै स्थापना भएको थियो। सो संस्थाले नेपालको शिक्षा, साहित्य, समाजसेवा, प्रशासन, कूटनीतिजस्ता क्षेत्रमा उल्लेख्य योगदान गरेका व्यक्तिलाई सम्मान गर्न प्रत्येक साल श्रावण ३१ गते स्मृतिसभा आयोजना गर्दै आएको छ। यसले वासुदेवचन्द्र मल्लको नाम नेपालको इतिहासमा सदैव स्थापित र अमर भइरहनेछ। (लेखक संस्कृतिविद् हुनुहुन्छ)रासस

# पूर्ण स्तनपानको अधिकारमा आमाहरू नै बाधक

**रामचन्द्र रायमाझी**

तानसेन नगरपालिका-३ भगवती टोलकी शर्मिला केसीले आफ्नो छोरालाई पाँच महिना पनि पूरै दूध खुवाउनुभएन। निजामती सेवामा कार्यरत उहाँ कार्यालय जानुपर्ने भएकाले छोरा जन्मिएको चार महिनापछि एक जना हेरालुको साथमा छोडेर हिँड्नुपर्यो। "कार्यालयबाट घर आउने समयको टुङ्गो नहुँदा छोरालाई पूरा समय आफ्नो दूध खुवाउन पाइनन्। चाहेजति दूध खान नपाएपछि छोराले आफैँ खान छोड्यो। ल्याक्टोजिन, डेरीको दूध, सेरलेक्स खाएरै छोरो हुर्कियो", उहाँले भन्नुभयो। आमाको दूध पर्याप्त खान नपाएकाले होला छोरोलाई सानै बिमारले पनि समाइहाल्ने केसी बताउनुहुन्छ।

तानसेनमा बस्दै आउनुभएकी पर्वतकी भीमा कार्कीले तीन वर्षअघि पहिलो सन्तानका रूपमा छोरीलाई जन्म दिनुभएको थियो। उहाँले छोरी जन्मिएको छ महिना त नियमित दूध खुवाउनुभयो तर सात महिनापछि भने शरीर बिग्रने डरले नियमित दूध चुसाउन छाड्नुभयो। कार्कीले डेरीबाट दूध ठेक्का लगाएर छोरीलाई खुवाउनुभयो। "लामो समयसम्म बच्चालाई दूध चुसाउँदा शरीर बिग्रन्छ भन्छन्, त्यसैले मैले सात महिनासम्म त म आफैँ खुवाएँ, पछि डेरीबाट ल्याएर दूध खुवाएकी हुँ", उहाँले भन्नुभयो।

रैनादेवी छहराकी मञ्जु कुँवरले पाँच महिनाको छोरोलाई माइतीमा राखेर बुटवलमा कोठा भाडा लिई लोकसेवाको तयारीमा जुट्नुभयो। बेलाबेलामा छोरासँग जाने गरे पनि उहाँले पर्याप्त दूध खुवाउनु भएन। आमाले भैँसीको दूध खुवाउने गर्नुभएको र आफ्नो दूध खासै नआउने हुँदा छोरालाई पूरै समय दूध चुसाउन नपाएको उहाँ बताउनुहुन्छ। कुँवर भन्नुहुन्छ, "म बिहे हुनुअघिदेखि नै लोकसेवाको तयारी गरिरहेकी थिएँ। बिहे भएपछि खासै पढ्न पाइनँ, अब अहिले उमेर पनि जान थाल्यो, त्यसैले जसरी भए पनि लोकसेवामा नाम निकाल्नुपर्छ भनेर पाँच महिनाको छोरालाई माइतीमा आमासँग राखेर तयारीमा जुटेकी छु।"

बगनासकालीकी मनिषा बस्याल सरकारी जागिरे हुनुहुन्छ। उहाँले डढे वर्षअघि छोरीलाई जन्म दिनुभएको थियो। छोरी जन्मिएको तीन-चार महिना त आफ्नै साथमा



राखेर दूध खुवाउनुभएको उहाँले पाँच महिनापछि भने परिवारको साथमा छाडेर अफिस जाने गर्न थाल्नुभयो। त्यो समयमा परिवारले बजारबाट लिएको भैँसीको दूध ती शिशुलाई खुवाउने गरे। मनिषाले भैँसीको दूध खुवाउन थालेदेखि भने आफ्नो दूध खुवाउन छाड्नुभयो।

यी त केही प्रतिनिधि पात्रमात्र हुन्। उहाँहरूजस्तै अधिकांश कामकाजी महिलाहरू आफ्ना नवजात शिशुलाई कामको व्यस्तताले स्तनपान गराउँदैनन्। पछिल्ला वर्षहरूमा शिक्षित र सहरिया आमाहरू नै स्तनपान गराउने मामिलामा उदासिन देखिन थालेका छन्। पूर्ण स्तनपान अर्थात् छ महिना पूरा नभएसम्म आमाको दूध मात्र चुसाउनु र बच्चा छ महिना पूरा भएपछि कम्तीमा दुई वर्षसम्म आमाको दूध खुवाइराख्नुपर्ने भए पनि अधिकांश आमाहरू शरीरको सौन्दर्य बिग्रिन्छ भन्ने भ्रम र कार्य व्यस्तताले पूर्ण रूपमा खुवाउन चाहँदैनन्।

शरीरलाई फिट्नेस र सौन्दर्य राख्ने सौखिन महिलाहरूले आफ्ना बच्चालाई पूर्ण स्तनपान गराउने मामिलामा कमजोर देखिन्छन्। तर चिकित्सकहरू भने बच्चालाई दूध चुसाउँदैमा शरीर नबिग्रने बताउँछन्। बच्चालाई स्तनपान गराउँदा न आमाको शरीर बिग्रिन्छ न स्वास्थ्य, बरु नियमित स्तनपान गराउने आमा सुन्दर र स्वस्थ हुने तानसेनस्थित युनाइटेड मिसन अस्पतालका बालरोग विशेषज्ञ तथा बालरोग विभाग प्रमुख डा विकासराज अधिकारी बताउनुहुन्छ। "कतिलाई स्तनपानले शरीरको सौन्दर्य बिग्रिन्छ भन्ने भ्रम छ। यो भ्रममात्र हो। स्तनपान गराउने नगराउनेभन्दा बढी सुन्दर हुन्छन्", उहाँले भन्नुभयो, "बच्चालाई नियमित स्तनपान गराउनेको स्तन चाँडै नै पहिलेकै जस्तो सामान्य आकारमा फर्किन्छ, जुन कुरा धेरैलाई थाहा छैन।"

नियमित स्तनपान गराइएका बच्चा पूर्ण रूपमा स्वस्थ हुने डा अधिकारीले बताउनुभयो। नियमित स्तनपान गराउने आमाहरूमा स्तन क्यान्सर, ओभरी क्यान्सर, हाइ ब्लडप्रेसर जस्ता रोगको जोखिम नहुने उहाँको भनाइ छ। स्तनपान गराउँदा आमा र शिशु दुवैको आसनमा विशेष ध्यान दिन जरुरी रहेको पनि उहाँले बताउनुभयो। शिशुलाई जन्मिएदेखि छ महिनासम्म आमाको दूधबाहेक पानीको आवश्यकता नपर्ने उहाँको भनाइ छ। बच्चाको शारीरिक विकासका लागि सकेसम्म आमाको दूध खुवाउनुपर्ने बताउँदै उहाँले काममा जानुपरेमा आमाको दूध सङ्कलन गरेर राखेर भए पनि खुवाउन सकिने बताउनुभयो।

अहिले शल्यक्रियाबाट जन्मिएका बच्चालाई सुरुवातमा बजारको पाउडर दूध खुवाउनुपर्ने अवस्था रहेको जनाउँदै उहाँले यसको अन्त्य गर्न सके बच्चा र आमा दुवैको स्वास्थ्य राम्रो हुने बताउनुभयो। सरकारले हरेक वर्ष जनचेतनामूलक कार्यक्रम आयोजना गर्छ, तर पर्याप्त जानकारी पाएका सचेत आमाहरू नै नवजात शिशुलाई स्तनपान गराउँदैनन्। अर्काको देखासिखी, विभिन्न भ्रामक विज्ञापनको प्रभाव र आफ्नै अहम्ले गर्दा पनि जानीजानी शिक्षित मानिएका आमाहरू नै सन्तानको स्वास्थ्यमा ध्यान दिँदैनन्।

नेपाल जनसाख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडीएचएस) २०२२ को प्रतिवेदनअनुसार दुई वर्षसम्म पूर्ण स्तनपान गराउने आमाको सङ्ख्या ५५ प्रतिशत छ। पछिल्ला वर्षमा यो सङ्ख्यामा तुलनात्मक रूपले ह्रास आइरहेको छ। कामकाजी महिलाहरू आफ्ना नवजात शिशुलाई कामको व्यस्तताले स्तनपान गराउन पाएका छैनन्। ग्रामीण भेगका आमाहरू स्तनपानको महत्व र पर्याप्त ज्ञानको अभावमा आफ्ना सन्तानको पूर्ण स्तनपानको अधिकार खोसिरहेका छन्। विश्वव्यापी रूपमा चासो, चिन्ता र सरोकारको विषय मानिएको स्तनपानको महत्व र गरिमालाई पछिल्लो समय शिक्षित पुस्ताले नै ओझेलमा पार्दै गइरहेका छन्।

### सरकारी कार्यालयमा छैनन् स्तनपान कक्ष

तानसेनस्थित जिल्ला प्रशासन कार्यालय पाल्पा अत्यधिक सेवाग्राहीको भीड हुने कार्यालयमा पर्दछ। मङ्गलबार पनि नागरिकता बनाउन आउने र राहदानीको फोटो र फाराम भर्नेको लाइन छिचोल्न मुस्किलजस्तै थियो। त्यही भीडमध्ये काखे नानी च्यापेर गोलघरमा मङ्गलबार पालो पर्खने आमाहरू पनि हुनुहुन्थ्यो। बाहिर पानी परिरहेको थियो, काखमा निदाइरहेका नानीलाई सम्हाल्न मुस्किल देखिन्थ्यो। उहाँहरूलाई स्तनपान कक्ष जिल्ला प्रशासन कार्यालयको भवनमा छ भन्ने जानकारी थिएन। कार्यालय परिसरमा स्तनपान कक्ष स्थापना गरिएको भए पनि सेवाग्राहीले सहजै देख्न सक्ने ठाउँमा नहुँदा प्रयोगविहीनजस्तै छ।

यहाँका चार पालिका अझै स्तनपान कक्षविहीन छन्। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा हरेक सार्वजनिक निकायमा अनिवार्य स्तनपान कक्षको व्यवस्था उल्लेख भए पनि अहिलेसम्म जिल्लाका चारवटा पालिकाले स्तनपान कक्ष स्थापना गर्न सकेका छैनन्। जिल्लाका १० वटा पालिकामध्ये निस्दी गाउँपालिका, पूर्वखोला गाउँपालिका, रिब्दीकोट गाउँपालिका, रैनादेवी छहरा गाउँपालिकामा स्तनपान कक्ष स्थापना गरिएको छैन। ती पालिकाले साँघुरा ठाउँका कारण स्तनपान कक्ष स्थापना गर्न नसकेको जनाएका छन्।

निस्दी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख रेमबहादुर दिशाले पालिकामा ठाउँ अभावका कारण सबै कर्मचारी कोचिएर काम गर्नुपर्ने अवस्था रहेकाले स्तनपान कक्ष स्थापना गर्न कोठाको अभाव रहेको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "अहिले हामीले पोषणमैत्री वडा घोषणाको तयारी गरिहेका छौँ। त्यसका लागि प्रत्येक वडाहरूमा स्तनपान कक्ष निर्माणको काम भइरहेको छ। अब छिट्टै पालिका भवनमा पनि जग्गाको व्यवस्था गरेर स्तनपान कक्ष स्थापना गर्ने योजना छ।" उता पूर्वखोला गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत स्टाफ नर्स चन्द्रा चलाउने पनि कोठाकै अभावमा स्तनपान कक्ष स्थापना गर्न नसकिएको बताउनुहुन्छ।

यता रिब्दीकोट गाउँपालिका र रैनादेवी छहरा गाउँपालिकाले पर्याप्त ठाउँ हुँदा पनि स्तनपान कक्ष निर्माणमा ध्यान दिएका छैनन्। यहाँ बनाएका केही पालिकामा भने व्यवस्थित छैनन्। रम्भा गाउँपालिकामा स्तनपानका लागि भनेर कक्ष स्थापना गरे पनि व्यवस्थित छैन। यहाँ पर्दाले बारेर राखिएको छ। कोठा अभावका कारण स्कुलको एउटा कोठालाई बारेर कक्ष स्थापना गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख शिवप्रसाद अर्यालले बताउनुभयो। माथागढी गाउँपालिकामा पनि सेवाग्राहीले सहजै देख्न र जान सक्ने अवस्थामा छैन। यहाँ साँघुरो कोठा र अँध्यारो भएकाले व्यवस्थित गर्न नसकिएको स्वास्थ्य शाखा प्रमुख केशव जिसीले बताउनुभयो।

दूधेबालक च्यापेर हिँड्नुपर्ने बाध्यतामा रहेका महिला सेवाग्राहीलाई स्तनपान कक्षको व्यवस्था हुँदा निकै सहज हुने सेवाग्राही बताउँछन्। पालिकामा सेवा लिन जाँदा खुला स्थानमा असहज रूपमा स्तनपान गराउनुपर्ने बाध्यता रहेको रिब्दीकोट सिरुखर्ककी शान्ता बरालले बताउनुभयो। रासस

# समाजवादी व्यवस्थामा मात्र मजदुरका समस्या समाधान हुनेछन: अध्यक्ष दाहाल



कास्की । नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल(प्रचण्ड)ले समाजवादी राज्य व्यवस्थामा मात्र मजदुर वर्गको वास्तविक समस्या समाधान हुने धारणा राख्नुभएको छ।

अखिल नेपाल ट्रेड युनियन महासङ्घ गण्डकी प्रदेश समितिले विहिबार पोखरामा आयोजना गरेको 'वैचारिक तथा राजनीतिक प्रशिक्षण' कार्यक्रममा उहाँले सहमति र सम्झौताबाट अहिलेको व्यवस्था आएकाले मजदुरहरूले आफ्ना सबै अधिकार प्राप्त गरि नसकेका बताउनुभयो।

"मजदुर तथा सम्पूर्ण उत्पीडित वर्गका साथै समुदायको वास्तविक समस्या समाधान समाजवादमा मात्र सम्भव छ । समाजवादी क्रान्तिका लागि अबको तयारी गर्नुपर्दछ", अध्यक्ष दाहालले भन्नुभयो । समाजवादीबीचमा एकता गरी आगामी निर्वाचनमा एकजुट भएर समाजवादी क्रान्तिको रणनीतिलाई अगाडि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

उहाँले भन्नुभयो, "सम्भव भएसम्म समाजवादीहरूको एकता होस् भन्ने चाहना छ । समाजवादी जतिको एउटै केन्द्र बनाएर विशाल शक्ति बनाउँदै आगामी निर्वाचनमा केन्द्रित हुनुपर्ने आवश्यकता छ।

समाजवादी क्रान्तिको रणनीतिलाई नेपाली मौलिकता र नेपाली नेतृत्वमा नयाँ ढङ्गले अघि बढाउने उद्देश्य छ ।" अध्यक्ष दाहालले हिजोका उपलब्धिलाई उल्टाउने प्रयास हुनसक्ने भन्दै त्यसका विरुद्ध लड्नका लागि नेताकार्यकर्ता उच्च मनोबल, वैचारिक स्पष्टताका साथ एकजुट हुनुपर्नेमा जोड दिनुभयो। अध्यक्ष दाहालले स्थायी समिति बैठकको सर्कुलरअनुसार अघि बढ्न पार्टीका नेताकार्यकर्तालाई आग्रह गर्नुभयो। उहाँले पार्टीमा गुटबन्दी र स्वार्थ समूहलाई अब छुट दिन नसकिने उल्लेख गर्नुभयो।

"पार्टीको नीति, नियम र अनुशासनका विरुद्ध जानेलाई कडा कारवाही गरिनेछ। स्थायी समितिको बैठकमा अन्तिमसम्म एकता सुदृढ गर्ने प्रयास भयो । पार्टीको नीतिका विरुद्धमा जाने छुट कसैलाई छैन", अध्यक्ष दाहालले भन्नुभयो । आसन्न केन्द्रीय समिति बैठकपछि गाउँगाउँमा सङ्गठन निर्माण र विस्तारका लागि नेतालाई जिम्मा दिइने जानकारी दिनुभयो।

कार्यक्रममा अखिल नेपाल ट्रेड युनियन महासङ्घका फ्याक्सन इन्चार्ज रामदीप आचार्य, महासङ्घ गण्डकीका संयोजक रुद्र गौतमलगायत नेता तथा कार्यकर्ताले राजनीतिक परिवर्तनमा मजदुरको भूमिकाका बारेमा आ-आफ्नो धारणा राख्नुभएको थियो।रासस

# सांसदद्वारा किसानलाई मल र सिँचाइ उपलब्ध गराउन माग

काठमाण्डु । प्रतिनिधिसभाको विहिबारको बैठकमा सांसदहरूले मल अभाव हुँदा किसानमा निराशा छाएको भन्दै मलको समस्या दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने माग गर्नुभएको छ। बैठकको शून्य समयमा सांसदहरूले किसानका लागि मल र सिँचाइ सुविधा तत्काल उपलब्ध गराउनुपर्ने माग गर्नुभएको हो।

सांसद अमरबहादुर रायमाझिले भन्नुभयो, "नेपालका करिब ६२ प्रतिशत जनसङ्ख्या र ६३ प्रतिशत परिवार कृषिमा आधारित छन्, कृषि मुलुकको मेरुदण्ड हो भने रासायनिक मल उत्पादनलाई सुदृढ बनाउने तत्व हो।

मलको अभावले उत्पादन कम हुने, श्रम निष्कृय हुने हुँदा सिङ्गो मुलुकलाई असर पर्छ, त्यसैले सरकारले मलको मागलाई मध्यनगर गर्दै आवश्यक नीतिगत व्यवस्था गरी दीर्घकालीन रूपमा आपूर्ति गर्ने व्यवस्था गरियोस्।"

सांसद अमरा देवीले सरकारले मधेसलाई सुक्का क्षेत्रका रूपमा घोषण गरेको उल्लेख गर्दै मधेसका किसानका लागि मल र सिँचाइको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद अमृतादेवी अग्रहरीले ट्राफिक प्रहरीले जनतालाई अनावश्यक दुःख दिने काम गरेको भन्दै गृह मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो।

सांसद अर्जुननरसिंह केसीले पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणमा भ्रष्टाचार भएको सार्वजनिक लेखा समितिको प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने माग



गर्नुभयो। उहाँले भन्नुभयो, "संसदीय समिति बेवारिसे भएका छन्। पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणमा भ्रष्टाचार भएको सार्वजनिक लेखा समितिको प्रतिवेदन कुनै व्यक्तिको निष्कर्ष नभई समितिको आधिकारिक प्रतिवेदन हो, यो प्रतिवेदन कार्यान्वयन नहुनु दुःखको विषय हो, यसले संसलीय मर्यादामाथि प्रश्न उठाएको छ।"

सांसद आस्माकुमारी चौधरीले यताशीघ्र भूमिहीन तथा सुकुम्वासीको समस्या समाधान गर्नुपर्ने माग गर्नुभयो । उहाँले भन्नुभयो, "भूमिहीनसम्बन्धी नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक सदनमा प्रस्तुत भइसकेको छ, भूमिहीन सुकुम्वासीको तर्फबाट यो विधेयक शीघ्र पास गरी समस्या समाधान गर्न माग गर्दछु ।" उहाँले सरकारले गुठी पीडितको समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो।

सांसदहरू ईश्वरबहादुर रिजाल, ईश्वरीदेवी न्यौपाने, उर्मिला माझी, गङ्गा कार्की, जीवन परियार, चन्द्रबहादुर विश्वकर्मा, गोकुल बाँस्कोटा, कान्तिका सेजुवाल, गोमालाभ सापकोटा, किरणकुमार शाह, डा अमरेशकुमार सिंह र अनिता देवीले मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**दुई विधेयक दफावार छलफलका लागि समितिमा**

प्रतिनिधिसभाले 'औद्योगिक सम्पत्तिसम्बन्धी विधेयक, २०८२' र 'पानी जहाज सञ्चालन तथा व्यवस्थापन विधेयक, २०८१' लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाएको छ।

सभाको विहिबारको बैठकले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले प्रस्तुत गर्नुभएको आद्यौगिक सम्पत्तिसम्बन्धी विधेयक र भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले प्रस्तुत गर्नुभएको पानी जहाजसम्बन्धी विधेयक दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको हो।

बैठकमा अर्थ समितिका सभापति सन्तोष चालिसेले 'वैकल्पिक विकास वित्त परिचालन विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८२' पेस गर्नुभयो । प्रतिनिधिसभाको अर्को बैठक यही भदौ ६ गते शुक्रबार अपराह्न १ बजे बस्नेछ।

**विद्यालय शिक्षा विधेयक संसदीय समितिबाट पारित**

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट विद्यालय शिक्षा विधेयक पारित भएको छ । समितिको विहिबारको बैठकबाट प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीको फरकमतकाबीच उक्त विधेयक पारित भएको हो।

लामो समयदेखि संसदीय समितिमा छलफलमा रहेको सो विधेयक अब बस्ने संसद् बैठकमा पेस हुनेछ । विद्यालय शिक्षासम्बन्धी कानुनलाई एकीकृत र संशोधन गर्न बनेको विधेयक लामो समयसम्म उपसमिति र समितिमा छलफल भई आज पारित भएको हो।

माओवादी केन्द्रले विधेयकका सम्बन्धमा पाँच बुँदे फरकमत समितिमा दर्ता गराएको छ। माओवादी केन्द्रका सांसद देवेन्द्र पौडेल, महिन्द्रराय यादव, रेखा शर्मा र ज्ञानु बस्नेत सुवेदीले विद्यालय शिक्षा सुधारका लागि आफूहरुले उठाएका विषय विधेयकमा सम्बोधन हुन नसकेकाले फरक मत राखिएको जनाउनुभएको छ। त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीका सुमना श्रेष्ठ, राष्ट्रिय प्रजातन्त्र पार्टीका विना जयसवालले फरक मत राख्नुभएको थियो।रासस

# कोशी प्रदेशसभा: विषयगत समितिको वार्षिक प्रतिवेदन पेस

विराटनगर। कोशी प्रदेशसभाको विहिबारको बैठकमा दुई वटा विषयगत समितिको वार्षिक प्रतिवेदन पेस भएको छ। बैठकमा सामाजिक विकास समिति र प्राकृति स्रोत तथा पूर्वाधार विकास समितिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पेस भएको हो।

प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधन समेत)को नियम १४३ बमोजिम




सामाजिक विकास समितिको वाषिक प्रतिवेदन समितिका सभापति गयानन्द मण्डल र प्राकृति स्रोत तथा पूर्वाधार विकास समितिको वार्षिक प्रतिवेदन समितिका सभापति होमबहादुर थापाले सदनमा वाचन गरेर सुनाउनुभयो।

बैठकको विशेष समय नेपाल कम्युनिष्ट पार्टी(एकीकृत समाजवादी) कोशी प्रदेशसभा संसदीय दलका तर्फबाट खिनु लङ्वा लिम्बूले हतारमा विधेयक ल्याउनुभन्दा सरकारले गहन छलफल गरी सहमति र समन्वयका आधारमा ल्याउनुपर्ने विचार राख्नुभयो।

उहाँले पछिल्लो समयमा प्रदेश सरकारले विधेयकमाथि छलफल नगरी हतारमा पारित गर्दा दूरगामी असर पर्ने भन्दै विधेयकलाई परिपक्व तथा कार्यान्वयनयोग्य बनाउन छलफलको समयसीमा बढाउनुपर्नेमा जोड दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र) कोशी प्रदेशसभा संसदीय दलका तर्फबाट गणेशप्रसाद उप्रेतीले सरकारले नेपाली भूमिको रक्षा गर्न बलियो भएर प्रस्तुत हुनुपर्ने धारणा राख्दै लिपुलेकबाट भारत र चीनको व्यापारका लागि नाका खोल्ने विषयमा सरकारले आफ्नो धारणा सार्वजनिक गर्न माग गर्नुभयो।

विहिबारको बैठकको शून्य समयमा प्रदेशसभा सदस्य गोम्बु शेर्पा, सपना दर्जी, लखीकुमारी गणेश, सविना बजगाईं, तारादेवी ढकाल र मीना श्रेष्ठले समयसामयिक समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। सभामुख अम्बरबहादुर विष्टले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त भएको पत्र वाचन गरेर सुनाउनुभएको थियो।रासस

# लुम्बिनी प्रदेशलाई पूर्ण खोप सुनिश्चित र दिगोपना घोषणा

लुम्बिनी। लुम्बिनी प्रदेशलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले विहिबार प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा आयोजित विशेष समारोहमार्फत लुम्बिनी प्रदेशलाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना कायम भएको घोषणा गर्नुभयो।

लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०८१/८२ मा घरधुरी सर्वेक्षणमार्फत १६ देखि २३ महिनासम्मका ७० हजार ५१८ बालबालिकालाई १५ महिनाभित्र पाउनु पर्ने सबै खोप प्राप्त भएको सुनिश्चित गरिएको छ । यस क्रममा शून्य मात्रा भएका ६९ र खोप छुट भएका २ हजार ३ सय ८७ बालबालिकालाई पनि खोजी गरी खोप लगाइएको थियो।

जिल्लागत विवरणअनुसार सबैभन्दा धेरै ड्रप आउट बाँकेमा ७ सय ६२, कपिलवस्तुमा ६ सय ५२ र रुपन्देहीमा ४ सय ४४ रहेको छ भने रुकुमपूर्वमा शून्य ड्रप आउट देखिएको छ।

पूर्ण खोप अभियानअन्तर्गत २०८२ जेठ ८ मा नवलपरासी पश्चिमबाट दिगोपना घोषणा सुरु भएको थियो । यसपछि क्रमशः रोल्पा, पाल्पा, कपिलवस्तु, बाँके, रुपन्देही, प्युठान, रुकुमपूर्व, दाङ, गुल्मी, बर्दिया र अन्त्यमा २०८२ असार २७ मा अर्घाखाँचीमा घोषणा गरिएको हो।लुम्बिनी प्रदेशका सबै १२ जिल्लामा पूर्ण खोप सुनिश्चितता



तथा दिगोपना कायम भएपछि राष्ट्रिय खोप समन्वय समितिले भेरिफिकेशन गरी प्रदेशलाई पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा गर्ने अनुमति दिएको थियो।

घोषणा सभालाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले बालबालिका खोप सेवा लिनबाट बञ्चित हुन नपरोस् भन्नेगरी अभियान केन्द्रीत गरिनुपर्ने बताउनु भयो।

प्रदेश सरकारले लिएको लक्ष्य प्राप्तिका लागि प्रतिबद्धताका लाग्ने सबैलाई धन्यवाद दिदै आगामी दिनमा पनि कुनै बालबालिका खोप सेवाबाट वञ्चित नहोस् भन्ने उद्देश्यका साथ निरन्तर लागिरहन अनुरोध गर्नुभयो।

लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले २०७९ भाद्र ३१ गते नेपालकै दोश्रो पूर्णखोप प्रदेश पहिलो पटक घोषणा भएको र त्यसपश्चात निरन्तर प्रत्येक वर्ष सुनिश्चितता तथा दिगोपना गर्दै आएको बताउनुभयो । मातृमृत्यूदर, शिशुमृत्यूदर र पोषणलाई स्वास्थ्य मन्त्रालयले विशेष प्राथमिकता दिएर काम गरिरहेको बताउदै स्वास्थ्यका नकारात्मक सुचकहरुलाई न्यूनिकरण गर्ने विषयमा लुम्बिनी प्रदेशले प्रगति गरिरहेको स्पष्ट पार्नुभयो।

राष्ट्रिय खोप समन्वय समिति सचिवालयका अध्यक्ष एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा विकास देवकोटाले लुम्बिनी प्रदेशका स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठलाई पूर्ण खोप सुनिश्चितता प्राप्त प्रदेश भएको प्रमाणपत्र हस्तान्तरण गर्नुभयो । कार्यक्रममा मुख्यमन्त्री आचार्य, स्वास्थ्य मन्त्री सारुलगायत सभागिहरुले प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नुभएको थियो।

कार्यक्रममा अभियानलाई सहयोग गर्ने पाँच स्वास्थ्यकर्मी ओमप्रकाश पन्थी, दीपाकर कुमार महर्जन, जनकराज गिरी, चिन्तामणी ज्ञवाली र हरिप्रसाद आचार्यलाई सम्मान गरिएको थियो।रासस

# पत्रकारहरू खोज पत्रकारितामा सक्रिय भएर लाग्नुपर्नेमा जोड


धुलिखेल । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का प्रवक्ता अग्निप्रसाद सापकोटाले पत्रकारहरूले खोज पत्रकारिता क्षेत्रमा सक्रिय भएर समाचार सङ्कलन र सम्प्रेषण गर्नुपर्नेमा जोड दिनुभएको छ।

काभ्रेपलाञ्चोकबाट प्रकाशन हुँदै आएको सुसन्देश साप्ताहिकको २३औँ वर्षिकोत्सवका अवसरमा विहिबार धुलिखेलमा आयोजित 'डिजिटल युगमा छापा सञ्चारमाध्यमको भविष्य' विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले खोज पत्रकारितालाई केन्द्रमा राखेर समाचार सङ्कलन र सम्प्रेषण गर्दा पत्रिकाको भविष्य सुनिश्चित हुने धारणा राख्नुभयो।

पछिल्लो समय सूचना प्रविधिको प्रयोग बढ्दै गएको जनाउँदै पूर्वसभामुखसमेत रहनुभएका सापकोटाले विशेष गरी कृत्रिम बौद्धिकता(एआई) का कारण पत्रकारहरूले खोज तथा अनुसन्धानका क्षेत्र ओझेलमा पर्ने जोखिम बढ्दै गएको बताउनुभयो।

एआईको मात्रै भर पर्दा गाउँगाउँका, पिछडा वर्गका नागरिकको आवाज, उहाँहरूको अवस्था, राज्यले खेल्नुपर्ने भूमिकालगायत विषय ओझेलमा पर्ने उहाँको भनाइ छ।

"समाजमा हत्या, हिंसा, सामाजिक विभेद्को अवस्था डरलाग्दो बन्दै गएको अवस्थामा त्यसलाई उजागर गर्दै आमनागरिकलाई जागरुक बनाउन पत्रकारको महत्त्वपूर्ण भूमिका रहन्छ", प्रवक्ता सापकोटाले भन्नुभयो, "त्यसका लागि पत्रकार स्वयंले समाजमा विद्यमान विकृति, विसङ्गतिका विरुद्ध खोजी गरी कलम चलाउने, नागरिकलाई सचेत बनाउने, राज्य र सरोकार भएका निकायलाई घचघच्याउने काममा लाग्न जरुरी छ।"



कार्यक्रममा बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटाले पछिल्लो समय पत्रकारहरू एआईको सहायतामा काम गर्न थालेकाले गाउँमा भएका सूचना नआउने अवस्थातर्फ पुग्ने जोखिम बढेको भन्दै चिन्ता व्यक्त गर्नुभयो । स्थलगत रूपमा (रिपोर्टिङमा) खटिने पत्रकारको वर्तमान परिपेक्षमा पनि आवश्यकता रहेको उहाँको भनाइ छ।

"एआईले गुगलमा भएका विषयबारे खोजेर दिने गर्दछ, तर गाउँका कुनाकाप्चामा भएका, समाचारीय मूल्य भएका विषय स्थलगत रूपमा खटेर मात्रै सङ्कलन र सम्प्रेषण गर्न सकिन्छ। तसर्थ पत्रकार थप सक्रिय भएर रिपोर्टिङमा लाग्नुपर्ने हुन्छ", सञ्चार रजिष्ट्रार सापकोटाले भन्नुभयो । प्रविधिलाई उपयोग गरेर, एआईको सहयोग लिएर आफूलाई प्रविधिमैत्री बनाउन सकिने उहाँले धारणा राख्नुभयो।

कार्यक्रममा सङ्घीय सांसद सूर्यमान दोङ, प्रदेशसभा सदस्य लक्ष्मण लम्साल, जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका प्रमुख दिपक गौतम, मण्डनदेउपुर नगरपालिकाका उपप्रमुख विष्णुमणी नेपाललगायत वक्ताले सञ्चारकर्मी र सञ्चारमाध्यमले खेल्नुपर्ने भूमिकाका बारेमा आ-आफ्नो धारणा राख्नुभएको थियो। सो अवसरमा पूर्वसभामुख सापकोटाले नेत्रवाण मिडिया प्रालिले सञ्चालनमा ल्याएको अनलाइन नेत्रवाण डटकमको शुभारम्भ गर्नुभएको छ।रासस

# अरनिको राजमार्ग सञ्चालनमा

काठमाण्डु । पहिरोका कारण अवरुद्ध भएको अरनिको राजमार्गको कोदारी खण्ड सञ्चालनमा आएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ । नेपाल र चीन जोड्ने तातोपानी नाका कोदारी नजिक पहिरो जाँदा सो खण्ड अवरुद्ध भएको थियो।




सो स्थानमा नयाँ डिजाइनअनुसार काम गर्नुपर्ने भएकाले हाल पानी र पहिरो नियन्त्रणको काम भई रहेको सडक विभागका महानिर्देशक डा विजय जैसीले जानकारी दिनुभयो । "पहिरोका कारण माथिल्लो भागमा रहेको मानव बस्ती जोखिममा रहेको हुँदा कठिनाइ भएको थियो । सडक डिभिजन चरिकोटबाट खटिएको यन्त्र, उपकरणसहितको प्राविधिक टोली पहिरो पन्छाउन खटिएको थियो", उहाँले भन्नुभयो, "पहाडी धरातल र लेदो बगी रहने गरेका कारण सो स्थानमा समयसमयमा समस्या आउने गरेको छ।"

ग्याबिन पर्खालगायतका अन्य संरचनाको निर्माण गरी सडक अवरुद्ध हुन नदिन प्राविधिक टोली क्रियाशील रहेको जैसीले बताउनुभयो । सो स्थानको पहिरो नियन्त्रणको दिगो समाधानका लागि विज्ञ सम्मिलित टोलीले अध्ययन जारी राखेको सडक विभागले जनाएको छ।

पहिलो चरणमा पहिरो पन्छाएर साना तथा हलुका सवारीसाधन सञ्चालन गरिएको र आज अपराह्नदेखि ठूला सवारीसाधनसमेत सञ्चालन हुन थालेको सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय काठमाडौँका प्रमुख शुभराज न्यौपानले जानकारी दिनुभयो।

यातायात सहज रुपमा सञ्चालनका लागि प्राविधिक तथा उपकरणहरु अझै कार्यक्षेत्रमा नै परिचालित रहेको छ। रासस

# भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक पारित

काठमाण्डु । कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८२ सम्बन्धी समितिको प्रतिवेदन पारित गरेको छ।

समितिको विहिबारको बैठकमा बहुमतले समितिको प्रतिवेदन पारित गरेको सभापति कुसुमदेवी थापाले जानकारी दिनुभयो। नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नागरिक उन्मुक्ति पार्टीका सांसदहरु प्रतिवेदन पारित गर्ने पक्षमा उभिएका थिए । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदले भने



प्रतिवेदन पारित गर्ने समयमा बैठक बहिष्कार गरेका थिए।

बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सांसदहरुको भनाइअनुसार भूमि व्यवस्था मन्त्रालय र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले संशोधन गरेको बताउनुभएको थियो । संशोधन गरेका विषयलाई हेरेर अघि बढाउन उहाँले सांसदहरुलाई आग्रह गर्नुभएको थियो।

सांसदद्वय बीरबहादुर बलायर, सरस्वती सुब्बालगायतले धेरै छलफल भइसकेकाले सो प्रतिवेदन पारित गरिनुपर्ने बताउनुभएको थियो। सांसदद्वय रुपा सोसी चौधरी र अशोक चौधरीले पहिले भएका केही विषय विना जानकारी प्रतिवेदबाट हटाइएको, प्रतिवेदनमा फरक मत लेख्न समय दिनुपर्ने माग गर्नुभएको थियो।रासस

# सीमा विवादका कारण पदबाट निलम्बित थाई प्रधानमन्त्री अदालतमा



एएफपी

बैङ्कक । थाइल्यान्डकी निलम्बित प्रधानमन्त्री पेटोङटार्न सिनावात्राले कम्बोडियासँगको सीमा विवाद व्यवस्थापन गर्ने क्रममा पदबाट हटाउन माग गरिएको मुद्दामा बिहीबार अदालतमा बयान दिनुभएको छ ।

विवादास्पद तर प्रभावशाली अर्बपति पूर्व प्रधानमन्त्री थाक्सिन सिनावात्राकी छोरी पेटोङटार्नलाई कम्बोडियाका पूर्वनेता हुन सेनसँगको फोनवार्तामा देशको पक्षमा दृढ रूपमा नउभिएको आरोप लगाइएको छ । उक्त अडियो अनलाइन चुहिएपछि उहाँमाथि आलोचना भएको हो ।

गत वर्ष नैतिक कारण देखाउँदै उहाँका पूर्ववर्तीलाई प्रधानमन्त्री पदबाट हटाएको संवैधानिक अदालतले अर्को शुक्रबार पेटोङटार्नलाई पदबाट हटाउनुपर्ने कि नपर्ने भन्ने निर्णय गर्नेछ । अदालतले गत महिना उहाँलाई पदबाट निलम्बन गरिसकेको थियो र बिहीबार उहाँको ३९औँ जन्मदिनकै दिन मुद्दामा प्रश्नहरूको जवाफ दिन बोलाएको थियो ।

कालो व्यापारिक सुटमा मुस्कुराउँदै उहाँले पत्रकारहरूलाई अभिवादन गर्नुभयो र आफ्नो शीर्ष सल्लाहकार प्रोमिन लर्टसुरिदेजसँग बैङ्कको अदालतमा पुग्नुभएको थियो । उहाँले करिब डेढ घन्टासम्म न्यायाधीशहरूको प्रश्नको जवाफ दिनुभयो, तर अदालतले सुनुवाइका विवरण सार्वजनिक गर्न निषेधाज्ञा जारी गरेको छ ।

यो मुद्दा कम्बोडियाका लामो समयका शासक तथा हालका प्रधानमन्त्रीका पिता हुन सेनसँगको जुनमा भएको फोनवार्तामा केन्द्रित छ । सो फोनवार्ता विवादित सीमा क्षेत्रमा भएको तत्कालीन तनावबारे थियो । फोनवार्तामा पेटोङटार्नले हुन सेनलाई 'काका' भन्नुभएको थियो र एक थाई सैन्य कमान्डरलाई आफ्नो 'प्रतिद्वन्द्वी' भन्नुभएको थियो । यसले थाइल्यान्डमा व्यापक प्रतिक्रिया निम्त्यायो ।

रूढिवादी सांसदहरूले उहाँलाई कम्बोडियाको पक्ष लिएको र थाइल्यान्डको शक्तिशाली संस्था–सेनालाई कमजोर पारेको आरोप लगाए । फोनवार्ता चुहिएपछि पेटोङटार्नको सत्तारूढ गठबन्धनको मुख्य साझेदारले विरोध स्वरूप सरकार छोड्दा उहाँको सरकार लगभग ढल्ने स्थितिमा पुगेको थियो ।सिनेटरहरूको समूहले मन्त्रीहरूको आचरणमा 'स्पष्ट अखण्डता' र 'नैतिक मापदण्ड' आवश्यक पर्ने संवैधानिक प्रावधान उल्लङ्घन भएको भन्दै अदालतमा मुद्दा दर्ता गरेका थिए ।

**रक्तपातपूर्ण द्वन्द्व**

पेटोङटार्नलाई निलम्बन गरेपछि कार्यवाहक प्रधानमन्त्री फुमथम वेचाचाइले भन्नुभयो, "मलाई लाग्छ उहाँले राम्रो विश्वासका साथ काम गर्नुभएको थियो । देशको सुरक्षामा कुनै असर परेको थिएन, बरु थाइल्यान्डलाई द्वन्द्वबाट टाढा राख्ने उहाँको अभिप्राय थियो ।"

तर यो घटनाले थाई-कम्बोडियन सम्बन्धलाई सङ्कटमा पुऱ्यायो । हुन सेनले सो फोनवार्ता पूर्ण रूपमा अनलाइनमा सार्वजनिक गरेपछि सीमा विवाद चर्कियो र दशकौँयता भएको सबैभन्दा घातक भिडन्तमा परिणत भयो । यस द्वन्द्वमा ४० भन्दा बढी मानिसको मृत्यु भयो र करिब तीन लाख मानिसले घरबार छोड्नुपऱ्यो ।

यदि अदालतले उहाँको विपक्षमा फैसला गऱ्यो भने पेटोङटार्न आफ्ना पिता थाक्सिन र काकी यिङलकपछि प्रधानमन्त्री पद गुमाउने तेस्रो सिनावात्रा बन्नेहुनेछ । थाक्सिन र यिङलक दुवैलाई सैन्य कूमार्फत हटाइएको थियो ।

थाई राजनीति दुई दशकदेखि नै रूढीवादी, सैन्य समर्थक र शाही समर्थक अभिजात वर्ग तथा सिनावात्रा परिवारबीचको सङ्घर्षले चलाइरहेको छ । अभिजात वर्गले सिनावात्रा परिवारलाई राज्यको पारम्परिक सामाजिक संरचनाको लागि खतरा ठान्छ ।

यसैबीच ७६ वर्षीय थाक्सिनले शुक्रबार आफ्नै मुद्दाको फैसला सामना गर्दैहुनुहुन्छ । बैङ्कको आपराधिक अदालतले उहाँको लेस-म्याजेस्टे मुद्दामा निर्णय सुनाउनेछ । उहाँले १० वर्षअघि दक्षिण कोरियाली मिडियासँग दिएको अन्तर्वार्तामा गरेको टिप्पणीका कारण दोषी ठहरिएमा १५ वर्षसम्म जेल सजाय पाउन सक्नुहुनेछ ।

# एनपीएल दोस्रो संस्करण मङ्सिरमा




काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट प्रतियोगिताको दोस्रो संस्करण आगामी मङ्सिरमा हुने भएको छ ।

प्रतियोगिता आगामी मङ्सिर १ देखि २७ गतेसम्म हुने नेपाल क्रिकेट सङ्घ (क्यान) द्वारा विहिबार जारी प्रेस विज्ञप्ति जनाएको छ । उक्त प्रतियोगिता लागि खेलाडीको मिनी अक्सन यसअघि नै सम्पन्न भइसकेको छ ।

गत वर्ष मङ्सिर १५ गतेदेखि पुस ६ गतेसम्म आयोजना भएको पहिलो संस्करणको एनपिएल सफल भएसँगै दोस्रो संस्करणमा धेरैको ध्यान आकर्षित भएको छ । एनपिएलमा हाल आठ वटा टोली छन् । जसमा विराटनगर किङ्ग्स, जनकपुर बोल्टस्, चितवन राइनोज, काठमाडौं गुर्खान, पोखरा एभेञ्जर्स, लुम्बिनी लायन्स, सुदुरपश्चिम रोयल्स र कर्णाली याक्स छन् ।

एनपिएलको पहिलो संस्करणको उपाधि जनकपुर बोल्टस्ले जितेको थियो । एनपिएलको दोस्रो संस्करणको तयारी स्वरुप कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानको स्तरोन्नति भइरहेको छ । हाल प्याराफिट निर्माण भइरहेको छ ।रासस

# 'सबैभन्दा राम्रो' न्यायाधीशको ८८ वर्षको उमेरमा निधन

एएफपी


वासिङ्टन । अदालतमा आफ्नो सहानुभूति र विनम्र व्यवहारका कारण इन्टरनेटमा चर्चित भएका अमेरिकी न्यायाधीश फ्रान्क क्याप्रियोको ८८ वर्षको उमेरमा निधन भएको उहाँको परिवारले सामाजिक सञ्जालमार्फत घोषणा गरेको छ ।

सेवानिवृत्त रोड आइल्यान्ड न्यायाधीश क्याप्रियोले सन् २०२३ मा अवकास लिनुअघि करिब चार दशकसम्म बेन्चमा सेवा गर्नुभएको थियो । साना कानूनी उल्लङ्घनहरूमा उहाँको सहानुभूतिपूर्ण दृष्टिकोणले उहाँलाई विशेष बनाएको थियो ।

"प्यानक्रिएटिक क्यान्सरसँग लामो र साहसी सङ्घर्षपछि परिवार र साथीहरूको घेरामा मेरा पिता न्यायाधीश फ्रान्क क्याप्रियोको निधन भएको समाचार साझा गर्दा म गहिरो सामाजिक सञ्जालमा भाइरल भए । त्यहाँ प्रायः उहाँले सङ्घर्षरत परिवारहरूको जरिवाना खारेज गरेको वा बालबालिकाहरूलाई आफ्ना आमाबाबुको सजाय निर्णयमा सहभागी हुन दिएको देखिन्थ्यो ।

उहाँले सामाजिक सञ्जालमा लाखौं अनुयायी प्राप्त गर्नुभयो । तिनीहरूले उहाँलाई 'संसारको सबैभन्दा राम्रो न्यायाधीश' भनेर सम्बोधन गरे ।क्याप्रियोले 'कम्प्यासन इन द कोर्टः लाइफ-चेन्जिङ स्टोरिज फ्रम अमेरिकाज नाइसेस्ट जज' शीर्षकमा आत्मकथा पनि प्रकाशित गर्नुभएको थियो ।

सन् १९३६ मा जन्मिएका क्याप्रियो प्रोभिडेन्स, रोड आइल्यान्डमा हुर्किनुभएको थियो । आफ्नो प्रारम्भिक जीवनमा उहाँले जुत्ता पालिस गर्ने र पत्रिका वितरण गर्ने जस्ता काम गर्नुभएको थियो । बोस्टनको सफोक



दुःखी छु", उहाँका छोरा डेभिड क्याप्रियोले बुधबार न्यायाधीशको इन्स्टाग्राम खातामा पोस्ट गरिएको भिडियोमा भन्नुभयो ।

उहाँको परिवारले जारी गरेको विज्ञप्तिमा क्याप्रियो 'गहिरो करुणा, नम्रता र मानवतामा अटुट विश्वासका कारण संसारभर प्रिय बन्नुभएको' र 'मानवताको उत्कृष्ट उदाहरण' हुनुभएको उल्लेख छ ।मङ्गलबार, अस्पतालको शय्याबाट स्वास्थ्यमा 'गम्भीर समस्या' आएको भन्दै उहाँले प्रार्थना माग्दै भिडियो पनि पोस्ट गर्नुभएको थियो ।

सन् २००० मा सुरु भएको उहाँको कोर्टरुम रियालिटी टिभी कार्यक्रम 'क्याच इन प्रोभिडेन्स' मा ट्राफिक उल्लङ्घन र पार्किङ टिकटसँग जुधिरहेका व्यक्तिप्रति उहाँले देखाएको दयालु व्यवहारलाई दर्शाइएको थियो ।सो कार्यक्रमका क्लिपहरू

युनिभर्सिटी स्कुल अफ लमा अध्ययन गर्दा उहाँ दिनमा स्कुल शिक्षकको रूपमा काम गर्नुहुन्थ्यो । अन्ततः सन् १९८५ देखि २०२३ सम्म प्रोभिडेन्स नगरपालिका अदालतको मुख्य न्यायाधीशको रूपमा सेवा गर्नुभयो ।

रोड आइल्यान्डका गभर्नर डान म्याकीले क्याप्रियोलाई 'न्यायविद मात्र नभई सहानुभूतिका प्रतीक' भन्दै प्रशंसा गर्नुभयो । उहाँले भन्नुभयो, "उहाँले हामीलाई जब न्याय मानवतासँग मिसिन्छ, तब असाधारण सम्भावनाहरू खुल्छन् भनेर देखाउनुभयो ।"गभर्नरले न्यायाधीशको सम्झनामा राज्यको झण्डा आधा झुण्ड्याउने आदेश पनि दिनुभएको छ ।उहाँको परिवारले भनेको छ, "उहाँलाई एक सम्मानित न्यायाधीश मात्र नभई मायालु पति, बुबा, हजुरबुबा र साथीका रूपमा पनि सधैँ सम्झिनेछौँ ।"

# पोल्यान्डमा ३०० सैनिक र हवाई रक्षा प्रणाली तैनाथ गर्ने



एएनआई

आम्स्टर्डम । नेदरल्यान्ड्सले डिसेम्बर १ देखि पोल्यान्डमा करिब तीन सय सैनिकसहित दुई प्याट्रियट प्रणाली, एक नासामस प्रणाली र एन्टी-ड्रोन क्षमता भएको उन्नत हवाई रक्षा प्रणाली तैनाथ गर्ने घोषणा गरेको छ ।डच रक्षा मन्त्रालयले बुधबार (स्थानीय समय) सार्वजनिक गरेको विज्ञप्ति अनुसार, यस कदमको उद्देश्य नाटो क्षेत्रको सुरक्षा गर्ने र जारी युद्धबीच रूसी आक्रमणलाई रोक्ने रहेको छ ।

मन्त्रालयले भनेको छ, "डिसेम्बर १ देखि, रक्षा मन्त्रालयले दुई प्याट्रियट एयर डिफेन्स सिस्टम, एक नासामस, र एन्टी-ड्रोन सिस्टमसहित करिब तीन सय सैनिक तैनाथ गर्नेछ । यो एकीकृत एकाइले पोल्यान्डमा रहेको युक्रेनका लागि नाटो सुरक्षा सहायता र प्रशिक्षण (एनएसएटियु) केन्द्रलाई सुरक्षित गर्नेछ ।"यो तैनाथी पोल्यान्डको एनएसएटियु हबको सुरक्षा गर्ने ठूलो प्रयासको एक हिस्सा हो ।

यो केन्द्रमार्फत युक्रेनलाई सैन्य उपकरण आपूर्ति गर्न सहज हुने बताइएको छ ।

डच रक्षामन्त्री रुबेन ब्रेकलमन्सले यस तैनाथीलाई रणनीतिक दृष्टिले निकै महत्त्वपूर्ण ठहर गर्दै भन्नुभयो, "रक्षा मन्त्रालयले दुर्लभ भए पनि उन्नत क्षमता उपलब्ध गराइरहेको छ र नेदरल्यान्ड्स त्यसलाई उपलब्ध गराउन सक्षम भएको छ । यस तैनाथीले तीन प्रमुख लक्ष्यमा योगदान पुऱ्याउँछ - नाटो क्षेत्रको सुरक्षा, रूसी आक्रमणलाई रोकथाम र युक्रेनलाई निरन्तर समर्थन । यसरी, हामी रूसी खतरालाई सकेसम्म टाढा राख्छौँ ।"विज्ञप्तिमा एकीकृत युनिटले ब्यालेस्टिक मिसाइल, क्रुज मिसाइल, लडाकू विमान, हेलिकप्टर र ड्रोनजस्ता सम्भावित खतराहरूको सामना गर्न स्तरबद्ध हवाई सुरक्षा उपलब्ध गराउने विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिले थप स्पष्ट पारेको छ, "यो तीनवटा फरक क्षमताहरू भएको एकीकृत एकाइ हो । दुई प्याट्रियट प्रणालीसँगै यसमा नासामस हवाई रक्षा प्रणाली र एन्टी-ड्रोन प्रणाली पनि समावेश छन् । यसरी, नेदरल्यान्ड्सले साझेदारहरूसँग मिलेर ब्यालेस्टिक मिसाइल, क्रुज मिसाइल, लडाकू विमान, हेलिकप्टर र ड्रोनबाट हुने सम्भावित आक्रमण विरुद्ध स्तरित सुरक्षा प्रदान गर्नेछ ।" यो तैनाथी सन् २०२५ डिसेम्बर १ देखि सुरु भएर सन् २०२६ जुन १ सम्म जारी रहने मन्त्रालयले जनाएको छ ।

यसअघि केही दिनमै युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग ह्वाइट हाउसमा भेट गर्नुभएको थियो । सो अवसरमा धेरै युरोपेली नेताहरू पनि सहभागी भएका थिए । नेताहरूले रूस-युक्रेन युद्ध समाधान गर्ने प्रयाससँगै युक्रेनलाई युद्धपछिको सुरक्षा ग्यारेन्टी दिने विषयमा युरोपेली राष्ट्रहरूको भूमिकामा ध्यान केन्द्रित गरेका थिए ।

# आलोक स्मृति राष्ट्रिय म्याराथन प्रतियोगिता हुँदै



त्रिवेणी । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा आलोक स्मृति राष्ट्रिय म्याराथन प्रतियोगिता आयोजना हुने भएको छ । जिल्ला खेलकुद विकास समिति नवलपुरको आयोजना, प्रदेश खेलकुद परिषद् र प्रदेश एथलेटिक्स सङ्घ गण्डकीको प्राविधिक सहयोगमा प्रतियोगिता गर्न लागिएको जिल्ला खेलकुद विकास समिति नवलपुरका अध्यक्ष सेतबहादुर पुनले जाकारी दिनुभयो ।

जिल्लाको तीन पालिका कावासोती, मध्यविन्दु र हुप्सेकोटलाई छुने आलोक चक्रपथलाई परिक्रमा गर्ने गरि प्रतियोगिताको आयोजना गर्न लागिएको हो । कात्तिक एक गते सञ्चालन गरिने प्रतियोगितामा देशभरिबाट जम्मा २० जना खेलाडी सहभागि हुनेछन् । सात प्रदेशबाट दुई जनाका दरले चौध जना र तीन विभागीय टोलीबाट छ जना गरी २० जना खेलाडी प्रतियोगितामा भाग लिने प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य सचिव श्रीधर शर्माले बताउनुभयो ।

प्रदेश खेलकुदमार्फत छनौट भएर सिफारिस गरिएका खेलाडी प्रतियोगितामा सहभागि हुने उहाँले बताउनुभयो । प्रतियोगितामा सहभागि खेलाडी बाहेक 'दौडिन्छ नवलपुर' अन्तरगत प्रतियोगिता उद्घाटन भएको दश मिनेटपछि नवलपुरसहित यस आसपासका खेलाडी, पूर्वखेलाडी,१०० जना कार्यक्रममा सहभागि भई दौडिने कार्यक्रम रहेको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष पुनले बताउनुभयो । खेलप्रति सबैको उत्साह जगाउन यो कार्यक्रमसमेत जोडिएको उहाँको भनाइ छ ।

कावासोती-२, मा रहेको नवदुर्गा प्रादेशिक क्रिकेट मैदानबाट प्रतियोगिता सुरु गरी नमूना सदरमुकाममा प्रस्तावित रङ्गशाला हुँदै डण्डा, हुप्सेकोटमा रहेको युनाइटेड गोल्ड कप खेल मैदान, मध्यविन्दु नगरपालिकाको चोरमारा बजार हुँदै राइनो रङ्गशाला, इटौरा, गोछडा, त्रिभुनटार हुँदै डण्डा गैंडाचोकमा आएर दौड समापन हुनेछ । प्रतियोगीले आलोक चक्रपथ परिक्रमा गर्ने सदस्य सचिव शर्माले बताउनुभयो ।

प्रजातान्त्रिक योद्धा यादवनाथ न्यौपानेको (आलोक)को सम्झनामा २०५० सालमा आलोक चक्रपथ नामकरण गरी तीन पालिकालाई सडक सञ्जालले जोडेको चक्रपथ हालसम्म निर्माण हुन नसकेकाले प्रदेश तथा सङ्घ सरकारलाई ध्यानाकर्षण गराउन, यस चक्रपथ वरपरका धार्मिक तथा पर्यटकीय क्षेत्रको खेलका माध्यमबाट प्रचारप्रसार गराउन यो प्रतियोगिताको आयोजना गरिएको सदस्य सचिव शर्माले बताउनुभयो । पहिलोपटक प्रतियोगिता सुरु गर्न लागिएको प्रतियोगिताले एथलेटिक्स खेलको म्याराथनमा विकासका लागि समेत सहयोग पुग्ने उहाँले बताउनुभयो । प्रतियोगिता पहिलोपटक सुरु गर्न लागिएको र आगामी दिनमा समेत यसलाई निरन्तरता दिँदै लैजाने जिल्ला खेलकुद विकास समिति नवलपुरका अध्यक्ष पुनले बताउनुभयो ।

प्रतियोगितामा प्रथमहुनेलाई रु ५० हजार, द्वितीय हुनेलाई रु ३० हजार, तृतीय हुनेलाई रु २० हजार र सान्त्वना हुने दुईजनालाई रु पाँच हजारका दरले पुरस्कृत गरिने अध्यक्ष पुनले बताउनुभयो । प्रतियोगिता सञ्चालनका लागि प्रदेश खेलकुद परिषद् गण्डकी र यहाँका स्थानीय तहको सहयोग रहने उहाँले बताउनुभयो ।रासस

# गाजामा इजरायली सैन्य आक्रमण, बस्ती योजनाको विश्व नेताहरूद्वारा निन्दा

एएनआई

तेल अभिव । इजरायलले गाजा सहरमा आफ्नो सैन्य आक्रमणलाई अझ बढाउने र पश्चिम किनारको ई-१ क्षेत्रमा अवैध बस्ती विस्तार गर्ने योजना बनाएपछि विश्वभरका नेताहरूले यस कदमको कडा विरोध गरेका छन् ।

उनीहरूले यस्तो कार्यले विनाशकारी मानवीय परिणाम ल्याउने चेतावनी दिएका छन् ।संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस, फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोन, बेलायतका विदेशमन्त्री डेभिड लामी लगायतका नेताहरूले इजरायलको सुरक्षा क्याबिनेटले गाजा सहर कब्जा गर्ने योजना स्वीकृत गर्दै करिब ६० हजार जगेडा सैनिक परिचालन गर्ने निर्णय र भविष्यको प्यालेस्टिनी राज्यलाई टुक्र्याउने बस्ती परियोजनालाई लिएर आपत्ति जनाउनुभएको हो ।

फ्रान्सका राष्ट्रपति म्याक्रोनले एक्समा लेख्दै भन्नुभएको छ, "यी कदमहरूले क्षेत्रलाई 'स्थायी युद्धको चक्र' मा डुबाउने खतरा छ ।

'उहाँले जोर्डनका राजा अब्दुल्लाह द्वितीय र इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसीसँगको छलफलमा पनि इजरायलको आक्रमणले दुवै जनताका लागि विनाश निम्त्याउन सक्ने बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेसले गाजामा हुने आक्रमणलाई ' खतरनाक वृद्धि' भन्दै यसले जबरजस्ती विस्थापन, हत्या र ठूलो विनाश ल्याउने चेतावनी दिनुभयो । उहाँका अनुसार, यो कदमले गाजामा पहिले नै वञ्चित अवस्थामा रहेका प्यालेस्टिनी जनताको




पीडा झन् बढाउनेछ । उहाँले तत्काल युद्धविराम, सबै बन्धकको बिना शर्त रिहाइ र ई-१ क्षेत्रमा अवैध बस्ती विस्तार गर्ने इजरायलको निर्णयलाई उल्ट्याउन आग्रह गर्नुभयो । उहाँका अनुसार सबै प्रकारका बस्ती विस्तार अन्तर ाष्ट्रिय कानूनको उल्लङ्घन हो र यसले प्यालेस्टिनी राज्यको सम्भावना कमजोर पार्छ ।जर्मन सरकारले पनि इजरायलको सैन्य आक्रमणलाई बढाउने कदमको विरोध गरेको छ । सरकारी प्रवक्ता स्टेफेन मेयरले पत्रकारहरूसँग भन्नुभयो, "यी कार्यहरूले कसरी युद्धविराममा लैजान्छ वा सबै बन्धकहरूको रिहाइमा मद्दत गर्छ भन्ने बुझ्न गाह्रो छ ।"

बेलायतका विदेशमन्त्री लामीले पनि ई-१ बस्ती योजनाको विरोध गर्दै भन्नुभयो, "यदि यो कार्यान्वयन भयो भने, यसले प्यालेस्टिनी राज्यलाई दुई टुक्रा पार्नेछ, अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन हुनेछ र दुई-राज्य समाधानलाई गम्भीर रूपमा कमजोर पार्नेछ ।

त्यसैले इजरायलले यो निर्णय फिर्ता लिनैपर्छ ।"अल जजिराका अनुसार, जेरुसेलमको पूर्वमा पर्ने ई-१ क्षेत्रमा करिब तीन हजार पाँच सय आवासीय एकाइहरू निर्माण गर्ने योजना छ, जसले विद्यमान माले अदुमिम बस्ती विस्तार गर्नेछ ।

# ढोरपाटन र निसेलढोरमा स्याउ नफल्दा किसान चिन्तित

ढोरपाटन । यस वर्ष निसेलढोर र ढोरपाटनमा स्याउ नफलेपछि किसान चिन्तित बनेका छन् । निसीखोला गाउँपालिका-५ निसेलढोरको कुँडे, गाभा, काङलगायतका स्थानमा स्याउ उत्पादन नभएपछि किसान चिन्तित भएका हुन् । निसेलढोरसँगै ढोरपाटन नगरपालिका-९ को नवी, भूजी, स्यालपाखेलगायत क्षेत्रमा पनि स्याउ उत्पादनमा गिरावट आएको छ ।



जिल्लामा सबैभन्दा बढी स्याउ फल्ने क्षेत्रमै उत्पादनमा कमी आएको छ । स्थानीय हेमराज सापकोटाले चार रोपनी क्षेत्रमा लगाएको स्याउले यस वर्ष १० प्रतिशत पनि उत्पादन नदिएको बताउनुभयो । झण्डै एक दशकदेखि स्याउखेती गर्दै आएकामा पछिल्लो तीन वर्षदेखि उत्पादन निरन्तर घट्दै गएको उहाँले गुनासो गर्नुभयो ।

"अघिल्लो वर्ष कम उत्पादन भए पनि यस वर्ष अधिकांश स्याउका बोट रित्तो छन् । जलवायु परिवर्तनका कारण समस्या भएको छ । पहिले समयमा नै वर्षा हुने हुँदा राम्रो उत्पादन हुने गरेको थियो । पछिल्ला केही वर्ष यता समयमा पानी पर्दैन । लाखौँ लगानी गरेर खेती गरेको स्याउ नफल्दा ठूलो नोक्सानी भएको छ", सापकोटाले भन्नुभयो, "यस वर्ष त अचम्मै भयो, रूखमा एउटा/दुई वटा दानाबाहेक देखिँदैनन् । स्याउका बोट सबै खाली छन् ।

यही हिसाबले त आगामी वर्ष एउटा पनि दाना फल्दैन कि भन्ने डर छ ।"

किसान मनबहादुर घर्तीले गत हिउँदमा लामो खडेरी पर्दा स्याउ उत्पादन हुन नसकेको बताउनुभयो । स्याउ उत्पादन हुँदा किसानले लाखौँ नोक्सानी व्यहोर्नु परेको उहाँको भनाइ छ । रासस

# सेवा निवृत्तिपछि ड्रागन खेतीमा रमाउँदै त्रिपाठी

गण्डकी । साढे तीनदशक सरकारी जागिरमा समय बिताएर सेवा निवृत्त भएका भित्रलाल त्रिपाठी यतिखेर ड्रागन फ्रुटखेतीमा लाग्नु भएको छ । सेवानिवृत्त जीवनलाई सक्रिय बनाउने दृढताका साथ उहाँ व्यवसायिक ड्रागन खेतीमा लाग्नु भएको हो ।

सङ्घीय सडक तथा सुपरिवेक्षण अनुगमन कार्यालयबाट सेवा निवृत्तिभरण हुनुभएका त्रिपाठीले पोखरा महानगरपालिका-२५ हेमजाको फुर्केटारीस्थित बर्षौंदेखि बाँझिएको भिरालो पाखोमा व्यवसायिक ड्रागन खेती गर्नुभएको छ ।

जङ्गलको छेउमा अमेरिका, इण्डोनेसिया, थाइल्याण्ड, भियतनाम, मलेसिया, थाइल्याण्ड, ताइवान, भारतको तामेलनाडुलगायतका बिभिन्न देशबाट ल्याएका ९० भन्दाबढी प्रजाति ड्रागन फलका विरुवाले फलदिन थालेको उहाँले बताउनुभयो ।

पारिवारिक घुमफिरका लागि अमेरिकामा जाँदा ड्रागन फलको स्वाद पाएपछि फर्कँदा ल्याएको एउटा विरुवा गमलामा रोपेको बताउँदै उहाँले भन्नुभयो, "राम्रो उत्पादन दिएपछि आफ्नो वर्षौंदेखि बाँझिएको जग्गामा व्यवसायिक ड्रागन खेती सुरू गर्ने प्रेरणा श्रोत हो । "



समुन्द्री सतहदेखि ११०० मिटरको उचाइ, ३ देखि ३२ डिक्री तापक्रम, तीनदेखि चार हजारसम्म मिलिमिटर औषत वर्षा रहेको सो १० रोपनी जग्गामा लगाएका दुई हजार विरुवाले फल दिन थालेको फुर्केटारी एग्रो (ड्रागन फ्रुटस) फर्मका प्रोपाइटरसमेत रहनुभएका कृषक त्रिपाठी बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "२०८० वैशाख १२ गते विधिवत रूपमा फुर्केटारी एग्रो( ड्रागन फ्रुटस)फर्म दर्ता गरेर सुरू गरेको व्यवसायिक ड्रागन खेतीले पहिलो वर्षबाटै उत्पादन दिन सुरू गरेको हो ।"

यस वर्ष उत्पादन राम्रो भएको छ, आफूले खाएर, इष्टमित्रलाई चखाएर पनि दुई लाखभन्दा बढीको ड्रागन फल बिक्री गरेको उहाँले बताउनुभयो । उत्पादित फल फर्मबाटै प्रतिकेजी ५०० का दरले बिक्री हुने गरेको छ ।

खरिदका लागि ग्राहक फर्मै आउनुहुन्छ आफै टिप्नु हुन्छ र तौलेर लैजानले गरेको बताउँदै त्रिपाठी भन्नुहुन्छ उत्पादित फल पोखरा बजार मुलुकका विभिन्न सहरलगायत अमेरिका र भारतमा समेत पठाएको उहाँको भनाइ छ । उहाँले फर्म सुरू गर्नुभन्दा पहिलो एक हजार छसय डलर तिरेर भियतनामको एक ड्रागन फर्ममा एक हप्ते तालिमसमेत लिएको अनुभव सुनाउनुभयो ।

"उत्पादित फल बिक्री हुँदैनकी भन्नु पर्दै ड्रागनका पारखि फर्मै आउनु हुन्छ" उहाँले भन्नुभयो, बजारको मागअनुसारको फल पुऱ्याउन सकेको छैन । बढीमा एकै दिनमा ६० केजीसम्म उत्पादन हुने गरेको छ । ड्रागनले रोपेको पहिलो वर्षमा फल्ने र लगातार २० वर्षसम्म उत्पादन दिने गर्दछ ।

त्रिपाठीले भन्नुभयो, फर्ममा अहिलेसम्म ५० लाख खर्च भइसकेको छ भने कृषि ज्ञान केन्द्र कास्कीबाट आर्थिक वर्ष २०८१। ०८२ मा चार लाख ७६ हजार ९८५ रुपैया बरावरको आर्थिक एवम् प्राविधिक सहयोग पाप्त भएको थियो । पक्कि पिल्लरमा फलामे ट्रष्ट लगाएर निर्माण गरिएको फर्ममा यतिखेर लटरम्म ड्रागन फलेको छ, हिंउदको समयमा पर्ने असिनाबाट वोट र फल जोगाउँका लागि उहाँले जाली राख्ने फ्रेम समेत निर्माण गर्नुभएको छ ।

फर्मभित्र केही महिनाअघि दुईवटा बाँदर पसेका थिए, घुमेर फर्किय वोटमा काँडा भएको कारण फल खाने आट गर्न सकेनन् । देशै भरी बाँदरको आतङ्कका कारण बाँझिएको जग्गामा यस्ता खेतीलाई जोड दिनु उपयुक्त हुने उहाँको सुझाव रहेको छ ।

जग्गा बाँझो नराखौ भन्ने अभियानमा जुट्नुभएका त्रिपाठीले ड्रागनको फल मात्र नभई विरुवासमेत बिक्री गर्दै आउनुभएको छ । एउटा विरुवा रु २०० देखि एक हजारसम्ममा बिक्री गर्दै आएको रासससँग कुरा गर्दै उहाँले थप्नुभयो, फुर्केटारी ड्रागन फर्मका विरुवा नेपालको विभिन्न स्थानसहित भारतको दार्जेलिङसम्म पुगेका छन् । विरुवा बिक्रीबाट पनि राम्रो आम्दानी हुँने गरेको छ ।

फर्ममा एउटा फलको तौल ४०० ग्रामदेखि एक किलो ३२ ग्रामसम्मको फलेको बताउँदै उहाँले सरकारी सेवाबाट निभृत्तिभरण भई सकेपछिको समय अनावश्यक रूपमा खर्च गर्नुभन्दा कृषि कर्ममा लाग्दा अत्यन्त खुशी लागेको बताउनुभयो ।

फर्ममा दैनिक दुइदेखि पाँच जनाले रोजगारीसमेत प्राप्त गरेका छन् ।

पोखरा-२५ का वडाअध्यक्ष मोतिलाल तिमिल्सिनाका अनुसार आलु गाउँले परिचित हेमजामा पछिल्लो समय कृषक ड्रागन खेतीतर्फ आकर्षित हुँदै गएको बताउनुभयो ।

फुर्केटारी एग्रो फर्मले ड्रागन फल उत्पादनका साथै गुणस्तरलाई जोड दिँदै आएको कारण यो क्षेत्र पछिल्लो समय ड्रागनको रुपले परिचित हुँदै गएको उहाँको भनाइ रहेको छ ।

पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले फुर्केटारी एग्रो फर्मको स्थलगत अध्ययन गरेको जनाउँदै मुलुकमा ड्रागन खेती विस्तार हुने क्रम बढेपनि पुर्केटारीमा उत्पादित फल स्वादिष्ट भएको बताउनुभयो ।

बालबालिका र जेष्ठ नागरि कसमेतलाई खान रुचाउने नरम प्रकृतिको ड्रागन फलमा पानी, प्रोटिन, खरानी, चिल्लो पदार्थ, रेसा, क्यारोटिन, क्याल्सियम फोसफोरस, फलाम, भिटामिन वान, भिटामिन बिटु, भिटामिन बिथ्री, भिटामिन सी, थायमिन र नियसिनलगायतका तत्व पाइने कृषि विज्ञको धारणा छ ।रासस

# हात्ती धपाउन जोखिम मोलेर विद्युतीय घेराबारा

झापा । मेचीनगर नगरपालिका-११ का शान्तिराम चिमरियाले जंगली हात्ती नपसोस् भनेर घर र गोठलाई विद्युतीय तारले घेर्नु भएको छ । तारको बीच बीचमा पोलिथिनका सेता झोला झुण्ड्याउनु भएको छ ।"गाउँमा हात्तीका हुल पस्छन्," उहाँले भन्नुभयो,"परैबाट हात्ती तर्सियोस् भनेर वरिपरि तारको घेराबेरा गरेका हौं ।" उहाँले मात्र होइन, जंगल छेउका अधिकांश गाउँमा घरको सुरक्षाका लागि यस्तै तारबार लगाएको पाइन्छ ।



काठ र बासका किलामा अड्याइएका असुरक्षित तारमा अधिकांश मानिसले रातभर विद्युत प्रवाह गरिदिएका हुन्छन् । बेलुका सुत्ने बेलामा करेन्ट प्रवाह गर्ने र विहानीपख उज्यालो भएपछि बन्द गर्ने सर्वसाधारणको प्रचलन छ । विद्युत प्रवाह भएको तारसँग हात्ती डराउने स्थानीयबासीको विश्वास छ । हात्ती धपाउन प्रयोग भएको विद्युतीय तारमा झुक्किएर जनधनको समेत क्षति हुने गरेको छ । "राति प्रवाह गरेको विद्युतको स्वीच अफ गर्न बिर्सदा गाउँघरमा मानिस नै दुर्घटनामा नपरेका होइनन्," उहाँ भन्नुहुन्छ "हात्ती आइहाल्छ, धपाउने अरु उपाय नहुँदा किसानहरु जोखिम मोलेर भए पनि करेन्ट लगाउन बाध्य भएका हुन् ।"

स्थानीयले तारमा करेन्ट नलगाई पोलिथिनका झोला झुण्ड्याउने उपाय पनि लगाएका छन् । तारमा सेता झोला लहरै झुण्ड्याउँदा करेन्ट लगाएको ठानेर हात्ती घर र बारीतिर नपस्ने विश्वास रहेको चिमरिया बताउनुहुन्छ । तर बुद्धिमानी मानिएको हात्तीले स्थानीयबासीको हरेक अवरोध पार गर्न जुक्ति लगाउने गरेको छ । नजिकैको सुकेको रुखको दाउरा वा काँचो हाँगो भाँचेर करेन्ट प्रवाह भएको तारलाई भुइँमा लतार्ने नयाँ जुक्ति हात्तीले लगाउँदै आएको चिमरियाले बताउनुभयो । एकपटक करेन्टको झड्का लागेको स्थानमा हात्ती दोहोर्याएर नआउने हुँदा सर्वसाधारणले यही विद्युतीय असुरक्षित घेराबेराको सहारा लिदै आएका छन् ।

मेचीनगर नगरपालिका-४ की ६८ वर्षीया नरमाया कोइरालाले तीन हात्तीको हुलले घर भत्काएर भताभुङ्ग बनाएको बताउनुभयो । घर भत्किएपछि हात्तीबाट असुरक्षित भएको पीडा वडाध्यक्ष अर्जुन कार्कीलाई सुनाउन उहाँ वडा कार्यालयसम्म पुग्नुभयो । भारतबाट सीमा पार गरेर आउने हात्ती समेतको विचरणस्थल बनेको झापामा मानव-हात्ती द्वन्द्वका क्रममा डेढ दशकमा ७२ जनाको हात्ती आक्रमणमा मृत्यु भएको छ भने २५ हात्ती मारिएका छन् ।

हात्ती धपाउन बिछ्याइएको विद्युतीय तारमा परेर सर्वसाधारण, हात्ती र गाईबस्तु मारिने गरेका छन् । तर, विद्युतीय तारमा परेर मरेका व्यक्ति र हात्तीको यकिन तथ्यांक राखेको पाइएको छैन ।

मानव-हात्ती द्वन्द्वको विषयमा जानकार गोविन्द न्यौपानेले सुरक्षाका लागि भन्दै विद्युतीय तार बिछ्याउने कार्य एकदमै जोखिमपूर्ण रहेको बताउनुभयो । यसबाट मानवीय क्षति समेत भइरहेको उहाँले बताउनुभयो । "हात्ती प्रभावित बाहुनडाँगीमा अहिले चाहिँ यस्तो तार विछ्याउने गतिविधि हट्यो," उहाँले भन्नुभयो- "बिगतमा धेरै मानिस र हात्तीले घर वरिपरि बिछ्याइएको विद्युतीय तारमा करेन्ट लागेर अनाहकमा ज्यान गुमाएका छन् ।"

झापाको जंगल छेउछाउका बासिन्दाले तार या डोरीमा प्लास्टिकका पोकापोकी राखेर हात्ती तर्साउने गरेको जनाउँदै यसबाट पनि हात्ती नियन्त्रण प्रभावकारी नभएको उहाँको धारणा छ ।

"करेन्ट लगाएको ठानेर हात्ती तर्सेला कि भन्ने सर्वसाधारणको भ्रम मात्र हो यो," उहाँले भन्नुभयो- "दशकौंदेखि मानिससँग संघर्ष गर्दै आएको हात्तीले कहाँ करेन्ट छ र छैन भन्ने सजिलै थाहा पाउँछ । मनको सन्तोष मात्र हो यो ।" जोखिम निम्त्याउने गरी गाउँभरि बिछ्याइएका विद्युतीय तारको बारेमा डिभिजन बन कार्यालय, जनप्रतिनिधि र संरक्षणकर्मीहरु बेखबर छैनन् । तर, हात्तीबाट जोगिने दीर्घकालीन उपाय कसैले दिन नसकेका कारण यसलाई निरुत्साहित गर्न कुनै निकायले सकेका छैनन् । "मानिसहरु आफू बाँच्न र आफ्नो धनसम्पत्ति जोगाउन जोखिम मोल्न बाध्य छन्," न्यौपाने भन्नुहुन्छ- "यस्तो कार्यलाई निरुत्साहित गर्ने काम सरकारी निकायको हो । जनचेतना पनि जगाउन आवश्यक छ । तर, दीर्घकालीन रुपमा समाधान दिन नसक्नेहरु गाउँमा गएर घेराबारा नगर भन्नै सक्दैनन् ।"

डिभिजन बन कार्यालय झापाका सूचना अधिकारी अमृतबहादुर लिम्बुले सीमा क्षेत्र र जंगल बाहिर हात्ती छेक्न सरकारले नै विद्युतीय घेराबारा गरेको जनाउँदै निजी घरमा तार बिछ्याएर घेराबारा गर्ने कार्य बारे कुनै जानकारी नभएको बताउनुभयो ।रासस

# दूधमा अनुदानका लागि ३५ लाख विनियोजन

दमौली । तनहुँको बन्दीपुर गाउँपालिकाले दूध उत्पादनमा कृषकलाई अनुदान दिन रु ३५ लाख बजेट विनियोजन गरेको छ । दूध उत्पादक कृषकलाई प्रोत्साहनका लागि पालिकाले आगामी चालु आर्थिक वर्ष २०८२/८३ का लागि रु ३५ लाख बजेट विनियोजन गरेको हो ।

सहकारीमार्फत् दूध बिक्री गर्ने कृषकलाई प्रोत्साहन गर्न प्रति लिटर रु दुई अनुदान दिने व्यवस्था मिलाइएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "दूध उत्पादनमा अनुदान कार्यक्रमले कृषकलाई पशुपालनतर्फ आकर्षित गर्न सहयोग पुऱ्याएको छ,



साथै गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउन पनि टेवा पुग्छ ।"

बन्दीपुर-१ स्थित सूर्योदय दुग्ध उत्पादक सहकारी र बन्दीपुर-५ स्थित याम्पा दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध कृषकले उत्पादनका आधारमा अनुदान रकम पाउँदै आएका छन् । सहकारीमार्फत् दूध बिक्री गर्ने कृषकलाई उत्पादनका आधारमा रु दुईका दरले अनुदान उपलब्ध गराउने गरिएको छ ।

गाउँपालिकाले मौरीपलन, मुसरो, तोरीखेती, च्याउखेती, मकैबाली प्रवर्द्धन, व्यावसायिक फलफूलखेती प्रवर्द्धन, बीउबिजन वितरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको जनाएको छ । हाटबजार व्यवस्थापन तथा सञ्चालनका लागि रु नौ लाख बजेट विनियोजन गरिएको बताउँदै थापाले । रासस


**Government of Madhesh Province**

**Ministry Of Education And Culture**

**Janakpurdham (Dhanusha)**

**Invitation for Electronic Bids**

**First Date of publication: 22 August 2025**

1. The Ministry of Education And Culture invites electronic bids from Nepalese eligible bidders for the Construction of Building under National Competitive Bidding procedures. Details project are as in table below .

| S. N. | Name Of Project | Contract ID: | Cost of Bid Document Nrs. | Estimated cost Amount inc. Vat and PS NRS. | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | JALESHWOR NA.12 THARUAAHIKO SHREE SA. MA. BI. MA DPR BHAESAKEKO BHAWAN NIRMAN TATHA STARUNNATI | MOEC/ WORKS/ NCB/2082-083/5 | 3000 | 9660601.84 | NRS.215000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents Ministry of Education And Culture Janakpurdham, Dhanusha.
3. Bidding documents can be only downloaded from e-GP system only in www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the fee of bidding documents Rs. 3000.00.

**Name of the Bank:** Rastriya Banijya Bank Ltd. , Janakpurdham Dhanusha.
**A/C no.** 1000100200010000, **Office Code No.** 3500017012
**Name of Office:** Ministry Of Education and Culture, **Revenue Sirsak No.** 14229
**Bid Security deposit in the following bank**
**Name of the Bank:** Rastriya Banijay Bank, Janakpurdham.
**Name of Office :** Pradesh Lekha Niyantrak Karyalay Madhesh Province, Janakpurdham
**Office Account no.** 1220100202030000

5. Electronic Bids must be submitted through www.bolpatra.gov.np/egp before 12:00 Hour 21-09-2025
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hour on 21-09-2025in Ministry of Education And Culture Janakpurdham, Dhanusha, Nepal. Bids must be valid for a period of 90 days after opening and must be accompanied by a bid security mentioned above which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the Ministry of Education And Culture Office Janakpurdham, Dhanusha reserves the right to amend and correct at any time.
9. Ministry of Education And Culture Office Janakpurdham, Dhanusha, reserves the right to accept or reject the bids without assigning any reason whatsoever.
10. For further details, please visit www.bolpatra.gov.np.

# तरकारीको चर्को मूल्यले उपभोक्ता मारमा



**टुडे समाचारदाता**

जनकपुरधाम । यस वर्ष पर्याप्त वर्षा नभए पनि तरकारीको मूल्य भने लगातार आकासिँदै चर्को मूल्यमा खरिद गर्न उपभोक्ता बाध्य भएका छन् । साउन महिनायता हरिया तरकारीको मूल्य दोब्बरले बढेको छ भने भदौं लागेसँगै चर्को मूल्यले उपभोक्ता मारमा परेका छन् । नजिकिँदै गरेका तीज लगायतका चाडपर्वले माग थपिएको र आपूर्ति घटेकाले मूल्य अझै बढ्न सक्ने व्यापारीहरू बताउन थालेका छन् ।

जनकपुरधामको विभिन्न तरकारी हाटमा हरियो तरकारीहरुको मूल्य समान पनि पाइएको छ । परवल प्रतिकिलो १२० रुपैयाँ, गोलभैँडा १०० देखि १२०, काउली १८० रुपैयाँसम्म पुगेको छ । त्यस्तै, पहाडी आलु ८०, करैला १००, घिरौंला ६०, झिमनी ८०, पिडालु १००, हरियो फर्सी ८० रुपैयाँ प्रतिकिलो पुगेको छ । लोकल ओल १५० र भान्टासमेत १०० रुपैयाँ पुगेपछि उपभोक्ता आवश्यकभन्दा कम तरकारी किन्न बाध्य भएका छन् ।

प्रति किलो हजार रुपैयाँ पुगेको हरीयो धनियाको पातको मूल्य त यहाँ चर्चाको विषय बनेको छ । स्थनीय किसन मण्डलले अप्रत्याशित मूल्यवृद्धिले हरियो तरकारी किनमेलमा असर परेको गुनासो गरे । उनले थोरै हरियो तरकारी किनमेल गर्ने गरेको बताए ।

धनुषाकोक्षीरेश्वरनाथनगरपालिका, बटेश्वर, सबैला नगरपालिका, नगराईन नगरपालिका, महोत्तरी जिल्लाका गौशाला, मटिहानी, धमौरा, भंगाहालगायत क्षेत्रहरू व्यवसायिक तरकारी खेती हुँदै आएको छ।

जलेश्वर भन्सार नाका मलिवारास्थित प्लान्ट क्वारेन्टाइनका अनुसार जिल्लामा तरकारी आपूर्ति गर्ने अर्को स्रोत भारतीय उत्पादन पनि रहेको छ। आर्थिक वर्ष ०८१/८२ मा भारतबाट चौसट्ठी करोड ३९ लाख ३२ हजार रुपैयाँ मूल्य बराबरको १८ थरीका दुई हजार ६८३ मेट्रिक टन हरीया तरकारी आयात भएको थियो।

क्वारेन्टाइन प्रमुख किशोर यादवका अनुसार वर्षा शुरु भएपछि भारतबाट तरकारी आयात ठप्प छ। सीमावर्ती भारतीय बजारलाई पनि नेपाली तरकारीले ने धानेको देखिएको छ।

अहिले लालबन्दी, हिले, रामेछाप, भकुण्डवेशीलगायत पहाडी जिल्लाबाट आउने तरकारीले मधेशको माग धानिरहेको छ। ती क्षेत्रमा बाढी-पहिरोले बाटोघाटो विगारेकाले चर्को ढुवानी खर्चले पनि तरकारीको मूल्य बढेको जनाइएको छ।

उत्पादन घटेको, आयात बन्द भएको र ढुवानी खर्च बढेकाले तत्काल तरकारीको मूल्य घट्ने सम्भावना नरहेको स्थानीय व्यापारीको भनाइ छ।

# सर्वपक्षीय आन्दोलनको घोषणा

**बैठकमा सहभागी दलका नेताहरूले सर्वोच्च अदालतको परमादेशलाई राजनीतिक प्रतिशोध र मधेश-केन्द्रित राजनीतिलाई कमजोर बनाउने षड्यन्त्रको रूपमा व्याख्या गरे । उनीहरूले गौर घटनाको १९ वर्षपछि आएको अदालतको आदेश मुलुकमा फेरि अस्थिरता र अशान्ति निम्त्याउने प्रयास भएको भन्दै त्यसको प्रतिवाद स्वरूप सशक्त आन्दोलनमा उत्रिनुपर्नेमा जोड दिए ।**

**दिलीप पाण्डे**

रौतहट । गौर हत्याकाण्डसम्बन्धी सर्वोच्च अदालतको हालैको परमादेशपछि रौतहटमा फेरि राजनीतिक चहलपहल तीव्र बनेको छ । बिहीबार गौरस्थित उद्योग वाणिज्य संघको सभाहलमा बसेको सर्वदलीय एवं सर्वपक्षीय बैठकले जिल्ला जनप्रदर्शन समितिको गठन गर्दै आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ।

बैठकले आउँदो शनिवार साँझ गौरमा वृहत मशाल जुलुस निकाल्ने र आइतवार सदरमुकाममा भव्य जनप्रदर्शन गर्ने निर्णय गरेको हो। जनप्रदर्शन समितिको संयोजकमा रामकिशोर यादवलाई जिम्मेवारी दिइएको छ।

बैठकमा सहभागी दलका नेताहरूले सर्वोच्च अदालतको परमादेशलाई राजनीतिक प्रतिशोध र मधेश-केन्द्रित राजनीतिलाई कमजोर बनाउने षड्यन्त्रको रूपमा व्याख्या गरे । उनीहरूले गौर घटनाको १९ वर्षपछि आएको अदालतको आदेश मुलुकमा फेरि अस्थिरता र अशान्ति निम्त्याउने प्रयास भएको भन्दै त्यसको प्रतिवाद स्वरूप सशक्त आन्दोलनमा उत्रिनुपर्नेमा जोड दिए।

समितिले जिल्लाका चारै क्षेत्रमा नेताहरूलाई खटाएर जनतालाई जागरूक बनाउने र निर्धारित कार्यक्रमहरूमा सक्रिय सहभागिता जुटाउने तयारी गरेको छ । शनिबारको मशाल जुलुस र आइतवारको जनप्रदर्शनलाई सफल बनाउन सम्पूर्ण जिल्लावासीलाई साथ दिन अपील गरिएको छ।

२०६३ साल चैत ७ गते गौरस्थित राइस मिल चौरमा तत्कालीन मधेसी जनअधिकार फोरम र नेकपा (माओवादी) कार्यकर्ताबीच भएको हिंसात्मक झडपमा २७ जनाको ज्यान गएको थियो। नेपालकै राजनीतिक इतिहासमा चर्चित बनेको यो घटना त्यसयता निरन्तर विवाद, आरोप-प्रत्यारोप र राजनीतिक तानातानको विषय बन्दै आएको छ। घटनामा दोषीको भन्ने विषयमा दलहरूले आ-आफ्नो व्याख्या गरेका कारण सत्यतथ्य छानबिन प्रक्रियामा बारम्बार अवरोध देखियो । हालै सर्वोच्च अदालतले गरेको परमादेशपछि यो मुद्दा फेरि राजनीतिक बहसको केन्द्रबिन्दु बनेको छ।



सर्वदलीय बैठकमा संविधानसभा सदस्य बबन सिंह, पूर्व प्रदेश सांसद बाबुलाल साह, पूर्व प्रदेशका राज्य मन्त्री योगेन्द्र राय यादव, रेबन्त झा, अनिल सिंह, दुर्गा भगवती गाउँपालिका अध्यक्ष शम्भु सिंह, अमर यादव, विश्वनाथ पटेल, छोटन सिंह, रामेश्वर यादव, शंकर यादव, रामचन्द्र गिरी, उमेश तिवारी, भुषण सिंह, राजिव सिंह, किरण ठाकुर, भाग्यनारायण साह, गौरीकान्त मिश्र, वृजकिशोर यादव, अनिल यादव, श्याम यादव, राजकुमार दासलगायत विभिन्न दलका नेता तथा सरोकारवालाहरू उपस्थित थिए।

## वीरगञ्जमा जसपा नेपालको प्रदर्शन

**टुडे समाचारदाता**

वीरगञ्ज । सर्वोच्च अदालतले गौर हत्याकाण्डको छानबिनका लागि परमादेश जारी गरेपछि जनता समाजवादी पार्टी (जसपा) नेपाल निरन्तररुपमा आन्दोलन गर्दै आएको छ।

अदालतले जारी गरेको सो परमादेशविरुद्ध जसपा नेपालले वीरगञ्जमा बिहीबार प्रदर्शन गरेको छ । अदालतको सो कदमलाई राजनीतिक प्रतिशोध र मधेश आन्दोलनलाई कमजोर बनाउने षड्यन्त्र भन्दै जसपाका कार्यकर्ताहरूले आज वीरगन्जको घण्टाघरमा प्रदर्शन गरेका छन्।

प्रदर्शनका क्रममा जसपा नेपालका नेता तथा कार्यकर्ताहरूले विभिन्न नाराबाजी गर्दै अदालतको फैसलाको विरोध गरेका छन् । उनीहरूले सर्वोच्च अदालतको यो निर्णय राजनीतिक पूर्वाग्रहबाट प्रेरित भएको र यसले मधेश आन्दोलनका उपलब्धिहरूलाई समाप्त पार्न खोजेको आरोप लगाए।



गौर हत्याकाण्डको छानबिनको मागले पार्टीको उच्च नेतृत्वमाथि सीधा निशाना साँधिएको भन्दै उनीहरूले यसको कडा प्रतिवाद गर्ने चेतावनी दिएका छन्।

पार्टीका शीर्ष नेताहरूले अदालतको कदमलाई गम्भीरतापूर्वक लिएका छन्। यसको विरोधमा देशभर आन्दोलनका कार्यक्रमहरू घोषणा गर्ने तयारी थालिएको जसपा नेपालले जनाएको छ।

# वीरगञ्ज महानगरमा सम्पदा संरक्षण समिति गठन



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिकाले नगर क्षेत्रका मठ, मन्दिर, मस्जिद र चैत्यहरूको संरक्षण र व्यवस्थापनका लागि विशेष सम्पदा व्यवस्थापन समिति गठन गरेको छ।

सम्पूर्ण धार्मिक स्थलहरूलाई अनिवार्य रूपमा अभिलेखिकरण गरी सूचीकृत गरिने जनाइएको छ।

वीरगञ्ज महानगरले धार्मिक र पुरातात्विक महत्वका सम्पदाहरूको दिगो संरक्षणका लागि सम्पदा व्यवस्थापन सम्बन्धी ऐन नै ल्याएको छ। सोही अनुसार वीरगञ्ज महानगरका ३२ वटै वडामा रहेका सम्पूर्ण धार्मिक स्थलहरूको तथ्यांक संकलन गरिनेछ। यस कार्यबाट सम्पदाको संरक्षण र व्यवस्थापनका लागि दीर्घकालीन योजना बनाउन सहज हुने वीरगञ्ज महानगरपालिकाले जनाएको छ।

वीरगञ्जका मेयर राजेशमान सिंहको संयोजकत्वमा गठित समितिले धार्मिक स्थलहरूलाई पारदर्शी र व्यवस्थित रूपमा सञ्चालन गर्ने उद्देश्य रहेको जनायएको छ । मेयर सिंहले जनाएअनुसार हाल व्यक्तिगत स्वार्थमा सञ्चालित कतिपय धार्मिक संस्थाहरूलाई अब नियमन गरिनेछ । भक्तजनले चढाएको दान-चन्दा दुरुपयोग हुन नदिन कडाइका साथ निगरानी गरिने उनको भनाइ छ।

सो समितिले अब प्रत्येक वडामा रहेको सम्पदाको लगत संकलन गरी सूची सार्वजनिक गर्ने र सोही आधारमा संरक्षणका कार्यक्रमहरू अघि बढाउने योजना रहेको छ।

# अवैध कपडा बरामदसहित एकजना पक्राउ



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको गौशाला बजारमा भाडाको घरमा भन्सार छलीका लत्ताकपडा र हरिणको सुकेको छालासहित भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ।

गौशाला नगरपालिका-५ गौशाला बजारस्थित सुबोध यादवको एकतले पक्की घर भाडामा लिएर बसेका भारतको पश्चिम बंगालस्थित कोलकाताका ३६ वर्षीय मनोज रायलाई भन्सार छलीका लत्ताकपडा र हरिणको छालासहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक रमेश लामाको कमान्डमा खटिएको प्रहरी टोलीले रायले भाडामा लिएको घर खानतलासी गर्ने क्रममा १८ लाख मूल्य बराबरको भन्सार छलीका लत्ताकपडा र एक थान हरिणको सुकेको छाला बरामद गरेको छ।

भन्सार छलीका लत्ताकपडा आवश्यक कारबाहीका लागि भन्सार बुझाइएको र आखेटोपहार सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टले जानकारी दिए।

# कृषि तथा पशुपन्छी सेवा केन्द्र भवन हस्तान्तरण

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले सुविधा सम्पन्न कृषि तथा पशुपन्छी सेवा केन्द्र भवन हस्तान्तरण गरिएको छ।

जनकपुरधाममा बिहीबार आयोजित एक कार्यक्रममा उपमहानगरपालिका-१७ तेतरियास्थित निर्माण सम्पन्न उक्त भवन जनकपुरधामका हस्तान्तरण गरिएको छ।

ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक करिडोर बर्दिवासको सहयोगमा करिब २ करोड २५ लाख रुपियाँ लागतमा उक्त भवन निर्माण गरिएको छ । भवनमा अपांगमैत्री संरचना, प्रयोगशाला, तालिम हललगायत आधुनिक सेवाका लागि आवश्यक पूर्वाधारहरू समेटिएका छन्।





सो भवनलाई बहुउपयोगी रूपमा प्रयोग गरिने जनकपुरधाम उपमहानगरपालिकाले जनाएको छ। सो अवसरमा वडा १७ का वडाध्यक्ष रामवृक्ष यादवले भवनले कृषि तथा पशुपालन क्षेत्रमा ठूलो मद्दत पुग्ने बताए। उनले भने, "यस क्षेत्रका अधिकांश जनता कृषि व्यवसायमा आवद्ध छन्। आधुनिक प्रविधि प्रयोग गरेर उत्पादनमा वृद्धि गर्न यो भवन महत्वपूर्ण आधार बन्नेछ।"

त्यस्तै, वडा ९ का वडाध्यक्ष परमेश्वर साहले कृषि क्षेत्रमा प्रचुर सम्भावना बोकेको जनकपुरधाममा यो भवनले किसानहरूको जीवनस्तर उकास्न र आयवृद्धिमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे। ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक करिडोर बर्दिवासका प्रमुख रविन्द्र महतोले भवनमा तालिम हल, माटो परीक्षण प्रयोगशाला, भेटेरीनरी ल्याबलगायत सम्पूर्ण सुविधा समेटिएको जानकारी दिए।

गत वर्ष असार महिनामा नगरप्रमुख साहले शिलान्यास गरिएको उक्त भवनको निर्माण कार्य करिब एक वर्षको अन्तरालमै सम्पन्न गरी हस्तान्तरण समेत गरिएको छ भने निर्माणको जिम्मेवारी विजय सिर्जना भगत ग्रुप जेभीले पाएको थियो।

# जनताको समस्या बुझ्न मेयरको घरदैलो अभियान

**टुडे समाचारदाता**

रौतहट । रौतहटको कटहरिया नगरपालिकाका मेयर अजय प्रकाश जयसवाल जनताको समस्या बुझ्नका लागि केहीदिनदेखि घरदैलो अभियानमा व्यस्त देखिएका छन्।



पालिकाको कार्यालयमै बसेर जनताको समस्या बुझ्न र समाधान गर्न नसकिने निष्कर्ष सहित मेयर जयसवाल केहीदिनदेखि निरन्तर रूपमा जनताको घरदैलोमा गएर जनतासँग प्रत्यक्ष भेटघाट गरिरहेका छन्।

जनप्रतिनिधिहरु चुनाव जितेपछि जनताको बीचमा गएर जनतासंग प्रत्यक्ष कुराकानी गर्ने आँट र हिम्मत नराख्ने गरेको भएपनि कटहरियाका मेयर अजय प्रकाश जयसवाल जनताको बीचमा गएर उनीहरूसँग प्रत्यक्ष कुराकानी गर्दै समस्या बुझ्ने अभियानमा लागेको जनाएका छन्।

जनता माझ नगइ जनताको समस्या बुझ्न नसकिने भएको हुँदा आफू गाउँ गाउँ पुगेर जनतासंग प्रत्यक्ष सम्वाद गरी उनीहरूलाई के कस्ता समस्या छन्, के को आवश्यकता छ इत्यादि कुरा बुझिरहेको मेयर जयसवालले बताए।

गाउँगाउँमा जनतासंग भेटघाट गरिसकेपछि उनीहरूको आवयक्तालाई सक्दो पुरा गर्ने र समस्या समाधान गर्नेतर्फ लाग्ने मेयर जयसवालले प्रतिवद्धता व्यक्त गरे।

आफू जनताको बीचमा गएर जनतासंग प्रत्यक्ष भेटघाट र कुराकानी गर्न पाउँदा निकै खुसी लागेको समेत उनले बताए।

त्यस्तै कटहरियानगरपालिका-४ स्थित बलिरामपुरमा बिहीवार मेयर अजय प्रकाशले स्थानीयवासीसँग प्रत्यक्ष भेटघाट गर्दै जनताको गुनासो तथा सुझाव ग्रहण गरेका थिए।


सो भेटघाटको क्रममा आर्थिक रूपमा निकै गरिव र कमजोर रहेका स्थानीय गनिलाल साह तेलीलाई नगर प्रमुख जयसवालले व्यक्तिगत नगद १५ हजार सहयोग गरेका छन्।

त्यस्तै बलिरामपुरस्थित मन्दिर निर्माणका लागि नगरपालिकाको तर्फबाट उनले १५ लाख रुपैयाँ सहयोग गर्ने घोषणा समेत गरे।

# 'कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको अभिन्न भूभाग'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली भूमी लिपुलेक हुँदै भारत र चीनबीच सीमा व्यापारको पछिल्लो सहमति भएको बिषयमा परराष्ट्र मन्त्रालयले प्रतिक्रिया दिँदै कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको अभिन्न भूभाग रहेको स्पष्ट पारेको छ।





'नेपालको संविधानमा नेपालको आधिकारिक नक्सा समावेश भइसकेको र उक्त नक्सामा महाकाली पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट छ,' भारत-चीन सहमतिबारे सोधिएको प्रश्नमा परराष्ट्र मन्त्रालयका प्रबक्ता लोकबहादुर पौडेल क्षेत्रीले जारी गरेको प्रेस विज्ञप्ति भनिएको छ। सो विज्ञप्तिमा नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण विस्तार, सीमा व्यापार जस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको पनि परराष्ट्रले भनेको छ।

सो विज्ञप्तिमा भनिएको छ, 'उक्त क्षेत्र नेपाली भूभाग रहेको विषय मित्रराष्ट्र चीनलाई समेत जानकारी गराइसकिएको बेहोरा पनि अवगत नै छ, नेपाल र भारतबीच रहीआएको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावनाअनुसार ऐतिहासिक सन्धिसम्झौता, तथ्य, नक्सा र प्रमाणको आधारमा दुवै देशबीचको सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न नेपाल सरकार प्रतिबद्ध रहिआएको छ।'

## बालअधिकार सुनिश्चित गरौं

**बालअधिकार:**

- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार,
- हिंसा र शोषणबाट जोगिने अधिकार,
- अभिव्यक्ति र सहभागिताको अधिकार,
- माया, स्नेह र संरक्षण पाउने अधिकार,
- खेल र मनोरञ्जनको अधिकार।

**त्यसैले,**

- बालश्रम अन्त्य गरौं,
- सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं,
- बालबालिकाकोआवाजसुन्नेसंस्कारबसलौं,
- बालमैत्री समाजको निर्माण गरौं,

"आजका बालबालिका, भोलिका कर्णधार"

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८